# मजदुर

*The Worker Daily* दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

**मजदुर दैनिक**

नगाँचा, कमलविनायक, भक्तपुर

लक्ष्मण तचामो

मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २७ ★ अङ्क : ३४५ ★ ने. सं. ११४६ पोहेला थ्व, चतुर्दशी ★ शुक्रबार ★ १८ पुस, २०८२ ★ January 2, 2026, Friday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


# नेता किमद्वारा नयाँ वर्षमा कोरियाली जनसेनाको वीरताको प्रशंसा



प्योङयाङ, १ जनवरी (एएफपी) । प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका नेता किम जोङ उनले नयाँ वर्षको सन्देशमा रुससँग बनाएको 'अजेय गठबन्धन' को प्रशंसा गर्दै विदेशमा लडिरहेका आफ्ना सैनिकको सराहना गर्नुभएको छ । उहाँले आफ्नो सेनालाई राष्ट्रको सम्मानको 'वीरतापूर्ण' रक्षाका लागि बधाई दिँदै उनीहरूलाई 'साहसी बन्न' निर्देशन दिनुभएको राज्य सञ्चालित कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले बिहीबार जनाएको छ ।

दक्षिण कोरियाली र पश्चिमी गुप्तचर निकायका अनुसार प्योङ्याङले युक्रेनमा रुसको करिब चार वर्ष लामो आक्रमणमा हजारौँ सेना पठाएको छ । दक्षिण कोरियाको अनुमानअनुसार कम्तीमा ६०० जनाको मृत्यु भइसकेको छ र हजारौँ घाइते भएका छन् । विश्लेषकहरूले प्रजग कोरियाले रुसबाट आर्थिक सहायता, सैन्य प्रविधि र खाद्यान्न तथा ऊर्जा आपूर्ति गरिरहेको बताएका छन् ।

किमले सैनिकलाई 'विदेशी भूमिमा बहादुरीका साथ लडिरहेका' भनी सम्मान गर्दै भन्नुभयो, "तपाईंको पछाडि प्योङयाङ र मस्को छन् ।" उहाँले रुससँगको गठबन्धन बलियो बनाउन सैनिकलाई 'भ्रातृ रुसी जनताका लागि' लड्न आह्वान गर्नुभयो ।

केसिएनएले किमको नयाँ वर्षको भाषण र मे डे स्टेडियममा भव्य उत्सव प्रदर्शनको तस्बिर सार्वजनिक गरेको छ, जसमा उहाँकी पत्नी रि सोल जु र छोरी जु एई पनि देखिनुभएको छ । छोरीलाई सम्भावित उत्तराधिकारी मानिन्छ ।

विश्लेषकहरूका अनुसार रुससँगको गहिरो गठबन्धनले प्रजग कोरिया आर्थिक र सैन्य जीवनरेखा प्रदान गर्दै उहाँलाई अमेरिका र दक्षिण कोरियाबाट आएको दबाबलाई अस्वीकार गर्ने स्वतन्त्रता दिएको छ । क्युङ्गनाम विश्वविद्यालयका प्राध्यापक लिम युल-चुलले भन्नुभयो, "विदेशी सैन्य अपरेसन वा सहयोग अब असाधारण छैन, तर आधिकारिक रक्षा नीतिको भागका रूपमा समाहित भएको छ ।"

# 'कङ्गाल' काउखालि !

भक्तपुर, १७ पुस । विभिन्न व्यक्ति वा कम्पनीले विदेश पठाइदिन्छु भनी घर-खेत बेचाएर लाखौं रुपैयाँ लिएको तर विदेश नपठाएका घटनाहरू हामीले धेरै सुनेका छौँ । त्यस्तोलाई ठगी गरेको भनी धेरै मुद्दा परेका र कारबाही भएका छन् ।

थुप्रै सहकारीहरूले आवश्यक वा मागेको बेला फिर्ता दिन्छु भनी रकम सङ्कलन गरेका छन् । तर, कतिपय सहकारी सञ्चालक सङ्कलित रकम कुम्ल्याएर भागेका छन् भने रकम फिर्ता माग्दा नदिएको वा दिन नसकेका पनि त्यतिकै छन् । यसमा पनि ठगी, अपचलन र भ्रष्टाचार गरेको भनी कारबाही भएका छन् ।

सबैजसो इन्टरनेट प्रदायकले दुई सय, एकसय एमबीपीएस स्पीडको इन्टरनेट दिन्छु भनी शुल्क लिएका छन् तर दुई सय भनेकोमा ८०-९०, सय भनेकोमा ४०-४५ एमबीपीएस स्पीडका इन्टरनेट दिएर अर्थात् कबुल गरेको भन्दा करिब आधा दिएर ठगेका घटना पनि सर्वत्र छ । तर, कुनै प्रदायकमाथि कारबाही भएको सुनिएको छैन ।

यसरी नै काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (काउखालि) ले पनि घर-घरमा खानेपानी दिन्छु भनेर शुल्क उठाइरहेको हो । तर, पानी दिएको छैन । एक थोपा पनि नदिएर काउखालिले न्यूनतम महसुल भनेर मासिक एक सय रुपैयाँ लिइरहेको छ । महिनौँ वा वर्षौं होइन दसकौँसम्म पानी नआएको कारण धाराको मिटरमा खिया लागेर जाम भइसकेको छ । ढल निकासको काम भने भक्तपुर नगरपालिकाले गरिरहेको छ तर ढल निकासको शुल्क पनि काउखालिले नै उठाइरहेको छ । यसरी काउखालिले थोपा पानी नदिएर न्यूनतम महसुल लिनु, जाम भएको मिटरको बहाल लिनु र ढल निकासका कुनै कार्य नगरे पनि शुल्क लिनु नैतिक हो कि अनैतिक ? यो सेवा हो कि शोषण ?

केही दिन पहिले काउखालि भक्तपुरका हाकिमले जर्मन प्रोजेक्टले राखिदिएका धाराहरू नियमानुसार दर्ता गर्न टीभीमार्फत आग्रह गरेका थिए र टोल टोलमा सूचना जारी गरे । तर, उनले पानी दिन्छु भनी प्रतिबद्धता जनाएका छैनन् । पानी नआउने धारा दर्ता गरेर मासिक १५५ रुपैयाँ किन तिर्ने ? पानी दिन्छ भने दर्ता गर्नुपर्छ अन्यथा रुखबाट टिपेर ल्याएको पैसा हो र काउखालिका कर्मचारीलाई पोस्न ?

भक्तपुर नपा वडा नं. ६ को लालाछेँ, याछेँ क्षेत्रमा खानेपानीको ठुलो पाइप बिछ्याएको पनि महिनौँ भइसक्यो । स्थानीयहरूले पटक-पटक घरघरमा पानी वितरण गर्न हाकिमसमक्ष आग्रह-अनुरोध गरिसकेका छन् । तर, सधैँ एउटै जवाफ दिन्छ- तपाईंहरूको समस्या हामीलाई अवगत छ, त्यसैले १ नम्बरमा तपाईंहरूको फाइल केन्द्रमा पठाएको छु । आएपछि २-४ दिनमै काम हुन्छ ।

पछिल्लो समय नयाँ कुरा थपियो - सम्बन्धित कर्मचारीको सरुवा भयो अब नयाँ आएपछि हुन्छ ! बठ्याइँ गर्न कर्मचारीहरू खप्पिस हुँदारहेछन् ।

हामी भानुभक्तको युगबाट गणतन्त्रमा पुगिसकेका छौँ तर नेपालको सुशासन र प्रशासनमा 'भोलि भोलि भन्दाभन्दै... ' सदावहार छ ।

जलस्रोतको धनी भनिएको देशमा, राजधानी नजिकको भक्तपुरमा खानेपानी खुवाउन सक्ने सरकार 'माटो सुहाउँदो' व्यवस्थादेखि 'उत्कृष्ट' र 'अद्वितीय' व्यवस्थासम्म पनि सिंहदरबारमा अझै आएको छैन रहेछ ।

यो 'शरणको मरण नगर्ने' भक्तपुरमा पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तारमा लडाइँ गर्नाको परिणाम पो हो कि ? भक्तपुरले एउटा फिल्टर राख्न लामै सङ्घर्ष गर्नुपर्‍यो । पञ्चायतकालमा नगरमा आउने खानेपानीको मुहानबाटै कुनै होटलका लागि पानी पठाइयो । जलाधार क्षेत्रका वन म्हासेर खेलकुद मैदान बनाई मुहान सुकाइदिने काम पनि भयो । अहिले त बलेनीमुनि पानी भरिएको पाइप छ तर हामी काकाकुलमै छौँ । त्यसैले भक्तपुरमा खानेपानीमा राजनीति भइरहेको छ भन्दा अतिशयोक्ति नहोला । खानेपानीको हाहाकार भइरहेको यस क्षेत्रमा राजनीतिक, प्रशासनिक गण्यमान्य व्यक्ति नहुनु पनि हाम्रो दुर्भाग्य भएको छ । त्यस्ता व्यक्तित्व भएको भए सायद काउखालिसम्म हाम्रो पहुँच पुग्थ्यो । कुनै ठुला उद्योगी-व्यापारी, ठेकेदार आदि भएको भए पनि काउखालि 'जी हजुर' गर्दै आइपुग्थे । त्यस्तो पनि छैन ।

यद्यपि, काउखालिमा आग्रह-अनुरोध गर्न जानेहरूले पाइप किन्न हामी पैसा उठाउँछौँ अथवा नगरपालिकासँग समन्वय गर्न पनि भनेका थिए । एक-दुई लाख रकम पनि नभएको काउखालिले हामीलाई 'सुनको पहाडमाथि बसेको गरिब' को स्थितिमा राखेको छ ।

यदि संवेदनशील हाकिम र कर्मचारी काउखालिमा भएको भए


***बाँकी पृष्ठ ८ मा***


*व्यङ्ग्यचित्रको कुनो*




# महाकाली सन्धिका तीन दशक : सिँचाइका लागि बगेन पानी

महेन्द्रनगर, १७ पुस । नेपाल-भारतबिच महाकालीसन्धि भएको तीन दशक पूरा भइसके पनि महाकाली सिँचाइ आयोजना तेस्रो चरणको मूलनहरमा भने पानी बग्ने सुरसार छैन । महाकाली सन्धिअनुसार भारतले टनकपुर बाँधबाट सुक्खायाममा तीन सय क्युसेक तथा वर्षायाममा एक हजार क्युसेक पानी नेपालतर्फ पठाउनुपर्छ । भारतले टनकपुरबाट सन्धिअनुसारकै पानी छोडेमा उपयोग गर्ने गरी सिँचाइ पूर्वाधार केही हदसम्म तयार भएका छन् ।

दुई पटक टनकपुरबाट मूल नहरको परीक्षणका लागि पानी छाडिए पनि नियमित छाड्नेबारे भारती पक्षले वास्ता गरेको छैन । यता महाकाली सिँचाइ आयोजना तेस्रो चरणले मूल नहर बनिसकेको क्षेत्रसम्म केही शाखा नहरसमेत तयार भइसकेकोले पानी माग गर्दै आएको छ ।

राष्ट्रिय गौरवको आयोजना तेस्रो चरणको भौतिक प्रगति दिनप्रदिदिन बढिरहेको भए पनि नहरमा पानी बग्ने विषय भने अझै अन्योलजस्तै छ । कञ्चनपुर र कैलालीको ३३ हजार ५२० हेक्टर जग्गा सिँचाइ गर्ने लक्ष्यसहित १८ वर्षअघि सुरु भएको महाकाली सिंचाइ आयोजनाको प्रगति २७ प्रतिशत छ । रु. नौ अर्ब लगानी भइसकेको छ ।

आयोजनाका अनुसार निर्माण कम्पनीसँग रु. एक अर्ब ९७ करोडको सम्झौता गरेर कैलालीको मालाखेतीसम्म १९ किलोमिटर मूल नहर निर्माण चार चरणमा निर्माण भइरहेको छ । महाकाली सिँचाइ आयोजना तेस्रो चरणका इन्जिनियर राजेश पोखरेले सिंचाइका लागि पानी ल्याउन पटक-पटक विभाग मन्त्रालय हुँदै पत्राचार गरिएको बताउनुभयो ।

"हामीले भारतीय एनएचपी सीसित समन्वय गर्दा माथिल्लो निकायबाट आदेश आए पानी छोड्ने सबै संरचना तयार रहेको खबर दिन्छ ।" इन्जिनियर पोखरेलले भन्नुभयो, "यहाँबाट पनि ताकेता भएको छ । तर माथिल्लोस्तरबाटै यस विषयमा पहल हुनुपर्छ ।"


## निर्वाचनमा सहभागी बनौं।

- ❖आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- ❖निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- ❖मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- ❖स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने।
- ❖निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने।
- ❖मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने।
- ❖लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- ❖जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## ब्रोसर छपाइसम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०९/१८ गते**

भक्तपुर नगरपालिकाको मिति २०८२/०८/०७ गतेको कार्यपालिकाको बैठक निर्णयानुसार नगरको दृश्यावलोकनको लागि आउने विदेशी पर्यटकहरूलाई वितरण गरिने विभिन्न भाषाको (अङ्ग्रेजी, स्पेन, जापानीज, फ्रान्स, जर्मन र चाइनिज) ब्रोसर ( १३० ग्राम कलर आर्टपेपर A3 साइजमा) छपाइ (कागजसहित) कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त कम्पनी, सङ्घ संस्थाबाट आफ्नो फर्म दर्ता प्रमाणपत्र मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरूसहित प्रति/थान के कति दररेटमा छपाइ गर्न सकिने सो खुलाई ७ (सात) दिनभित्र नपामा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

# नगर प्रमुख प्रजापतिद्वारा अन्तर्राष्ट्रिय पावर लिफ्टिङ प्रतियोगिताका पदक बिजेता खेलाडीहरूलाई सम्मान




भक्तपुर, १७ पुस । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले एसियन पावर लिफ्टिङ च्याम्पियनसिप तथा विश्व पावर लिफ्टिङ च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गरी स्वर्ण तथा रजत पदक हासिल गर्न सफल भक्तपुरका खेलाडीहरू विकिन जोशी, निमेश छुकां, समन मधिकर्मी, किरण सुवाल, दिपेश सैंजु र ओजशचरण जोशीलाई बिहीबार खादा र भादगाउँले टोपी लगाई सम्मान गर्नुभयो ।

प्रमुख प्रजापतिले खेलाडीहरूलाई बधाई तथा शुभकामना दिँदै खेलकुद क्षेत्रमार्फत भक्तपुरले छुट्टै पहिचान कायम गरिरहेको बताउनुभयो ।

खेलकुद क्षेत्रको विकासमा भक्तपुर नगरपालिकाले गरिरहेका गतिविधिबारे अवगत गराउँदै उहाँले नपाले बर्सेनि उत्कृष्ट खेलाडी सम्मान, विद्यालयस्तरीय र नगरव्यापी खेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

खेलाडीले राष्ट्रको लागि खेल्नुपर्ने बताउँदै उहाँले स्वस्थ समाज निर्माणमा खेलाडीहरूले आफ्नो क्षेत्रबाट भूमिका खेल्न आग्रह गर्नुभयो ।

भनपा वडा नं. ४ का वडाध्यक्ष तथा खेलकुद समितिका सदस्य उपेन्द्र सुवालले खेलाडीहरूको अथक मेहनत र परिश्रमले सफलता हासिल हुने बताउँदै खेलाडीहरूको सफलतामा अभिभावकहरूको भूमिका रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले खेलाडीहरूलाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

# विद्यार्थी निकेतनमा विन्टर स्पोर्टस् क्याम्पको समापन




भक्तपुर, १७ पुस । विद्यार्थीहरूले अध्ययनमा प्रगति र सफलता हासिल गर्नको लागि शारीरिक तन्दुरुस्ती र स्फूर्ति पनि आवश्यक भएको हुँदा विद्यालयले एक विद्यार्थी एक खेलको अवधारणाअनुरूप अगाडि बढ्नुपर्दछ ।

उक्त विचार बाग्मती प्रदेश सांसद श्रृजना सैंजुले विद्यार्थी निकेतन माध्यमिक विद्यालय, साकोठा, भक्तपुरमा आयोजित हिउँदे खेलकुद शिविरको समापन कार्यक्रमको समापन तथा पुरस्कार वितरण कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

उहाँले विद्यार्थीहरूले स्क्रिनमा समय खर्चिनुभन्दा खेलकुद र शारीरिक कसरतमा समय बिताउनु धेरै फाइदाजनक हुनुका साथै यसले समाजको पनि सेवा हुने कुरा प्रस्ट्याउनुभयो । उहाँले खेलकुदमार्फत देशभक्तिको भावना जागृत हुने, इमानदारीताको पाठ सिक्न सकिने साथै नागरिक भावना पनि विकास हुने भएकोले देश जोगाउन अग्रसर हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक न्हुछेँबहादुर खाताखोले खेलकुद मनोरञ्जन मात्र नभई कडा अनुशासन र सिकाइ पनि भएको हुँदा दत्तचित्त भएर खेल भावनासहित खेल्न सके व्यक्तिको असल चरित्र निर्माणमा सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा शिक्षक उद्धव दाहाल र शिक्षिका सङ्गीता कायष्ठले पनि बोल्नुभएको थियो ।

पुस १४ गतेदेखि चारदिनसम्म सञ्चालित विभिन्न कक्षागत १८ वटा खेलका विजयी विद्यार्थीहरूलाई प्रमुख अतिथि सैंजुले मेडल तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

# किसानहरूले सम्झे स्तालिन र माओलाई

काठमाडौँ, १७ पुस । नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौँ जिल्ला समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरू जोसेफ स्तालिन र माओ त्सेतुङको जन्म जयन्ती मङ्गलबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डंगोलले पार्टी कार्यकर्ताहरू अध्ययनशील, लगनशील, मेहनती, इमानदार र अनुशासित हुनुपर्छ भन्नुभयो ।

उहाँले स्तालिनले विश्व तानाशाह हिटलर र मुसोलिनीजस्ता कुख्यात साम्राज्यवादीहरूलाई दोस्रो विश्वयुद्धमा हराएको र माओ त्सेतुङले चीनमा किसानहरूलाई सचेत र सङ्गठित गरी चिनियाँ क्रान्ति सम्पन्न गर्नुभएकोले विश्व सर्वहारा वर्गले उहाँहरूलाई कहिल्यै बिर्सँदैनन् भन्नुभयो ।




कार्यक्रम नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौँ जिल्ला समितिका अध्यक्ष हरिशरण श्रेष्ठको सभापतित्वमा भएको थियो ।

कार्यक्रममा गुनदास महर्जन, ममता महर्जन, कुलनारायण डंगोल, विष्णु खनाल, पूर्ण बुढाथोकी, बन्दना सेरेष्ठ, ज्ञानुमैया दराई, नरमान महर्जन, सैलेश डंगोललगायतले बोल्नुभएको थियो ।

# नगद तथा गरगहनासहित एक जना पक्राउ

काठमाडौँ, १७ पुस । काठमाडौँ महानगरपालिका-४ बालुवाटारबाट ठुलो रकम तथा विभिन्न गरगहना चोरी गरी फरार रहेका व्यक्तिलाई चोरिएको रकमसहित प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका अनुसार बालुवाटारको स्टोर्म नेटवर्क प्रालिको रु. ४८ लाख ७२ हजार र इको भ्याली प्रालिको रु. आठ लाख ५८ हजार चोरी गरेका काठमाडौँ महानगरपालिका-२ खुर्सीनिटारका २४ वर्षीय दुर्गाबहादुर केसीलाई पक्राउ गरिएको हो । कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक प्रवीण धितालले पुस १२ गते ठुलो रकम चोरी गरेर फरार रहेका उनलाई दाङ प्रहरीको सहयोगमा नगदसहित पक्राउ गरिएको जानकारी दिनुभएको छ ।

पुस १२ गते राति चोरी गरी फरार रहेका निजलाई खोजतलास गर्ने क्रममा इलाका प्रहरी कार्यालय तुलसीपुर दाङसमेतको समन्वयमा तुलसीपुर उपमहानगरपालिका-६ बाट पक्राउ गरी उनलाई काठमाडौँ ल्याइएको छ । उनको साथबाट प्रहरीले रु. ६५ लाख १७ हजारसहित चाँदीको ब्रास्लेट थान १५, चाँदीको सिक्का थान २८ र चाँदीजस्तो देखिने सेतो धातु थान एक र ल्यापटप बरामद गरिएको उपत्यका प्रहरीले बिहीबार सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

# आयोगद्वारा समानुपातिकको बन्दसूची सच्याउन दलका प्रतिनिधिसँग छलफल

काठमाडौँ, १७ पुस । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको बन्दसूची पेस गरेका राजनीतिक दललाई पालैपालो बोलाएर देखिएका त्रुटि औँल्याउने काम गरिरहेको छ । पेस भएका सूचीको जाँचबुझ र दलका प्रतिनिधिसँगको छलफलपछि देखिएका कमजोरी सच्याएर पेस गर्न यही पुस २० गते औपचारिक पत्राचार गर्ने आयोगले जनाएको छ ।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले बन्द सूची पेस गर्ने दलले समावेशीको समूह (क्लष्टर) मिलाए/नमिलाएकोलगायत विवरण जाँच गरी सम्बन्धित दलका प्रतिनिधिलाई बोलाएर छलफल भइरहेको जानकारी दिनुभयो । उहाँले बुधबार १२ दलका प्रतिनिधिको रोहबरमा छलफल भएको बताउँदै बिहीबार पनि १२ दलसँग छलफल गर्ने तालिका रहेको जानकारी दिनुभयो ।

आयोगमा यही पुस १३ र १४ गते ६४ राजनीतिक दलले बन्दसूची पेस गरेका थिए । त्यसमध्ये २२ दलले मात्रै ११० वटै स्थानमा उम्मेदवारी मनोनयन गरेका छन् । सूचीअनुसार औसतप्रति निर्वाचन चिह्नमा उम्मेदवारी दिने दलको सङ्ख्या ६० देखिएको छ । यस्तै न्यूनतम ११ स्थानमा बन्दसूची पेस गर्ने दलको सङ्ख्या १० रहेको छ । यसैगरी एकल चिह्न लिएका दल १० रहेका आयोगले जनाएको छ ।

आयोगमा ९३ राजनीतिक दलले यस प्रणालीमा उम्मेदवारी दिन आवेदन दिएका थिए पनि बन्दसूची पेस गर्ने ६४ दल मात्रै भएका छन् । आयोगले यही पुस २१ गतेदेखि २७ गतेसम्म पेस भएको विवरण मिलाउन दललाई समय दिनेछ । यही पुस २८ गतेदेखि आगामी माघ ३ गतेसम्म दलले मिलाएको बन्दसूची जाँच गरी आगामी माघ २० गते अन्तिम सूची प्रकाशन गरिने आयोगका सहायक प्रवक्ता जिसीले जानकारी दिनुभयो । आयोगमा यो प्रणालीको निर्वाचनका लागि स्थापित निर्वाचन अधिकृतको कार्यालयमा तथ्याङ्क, प्रविधि र कानुनी क्षेत्रका विज्ञहरू कार्यरत छन् । ***(रासस)***

# बिहीबार १३ औँ राष्ट्रिय पोसाक एवं टोपी दिवस

काठमाडौँ, १७ पुस । विभिन्न युवा संस्थाको आयोजनामा बिहीबार १३ औँ राष्ट्रिय पोसाक एवं टोपी दिवस बिहीबार विभिन्न कार्यक्रम आयोजना गरी मनाइयो ।

'नेपाली टोपी: हाम्रो पहिचान' भन्ने नाराका साथ विगत १३ वर्षदेखि युवाले यो दिवस मनाउन थालेका हुन् । नेपाली पहिचानका रूपमा रहेको दौरा, सुरुवाल, टोपी र गुन्यु चोलीलाई युवामाझ स्थापित गर्न विसं २०७० देखि राष्ट्रिय पोसाक एवं टोपी दिवस मनाउन थालिएको हो ।

दिवसका अवसरमा धेरैले राष्ट्रिय पोसाक लगाएको तस्बिर सामाजिक सञ्जालमा पोष्ट गर्ने गरेका छन् । १३ वर्षदेखि जनवरी १ तारिखका दिन राष्ट्रिय पोसाक दिवस मनाउन थालिएको थियो, यसले राष्ट्रिय पोसाकको पुनर्जागरणमा टेवा पुगेको बताइन्छ ।

विगतमा राष्ट्रिय पोसाकका रूपमा मनाइने प्रचलनलाई औपचारिक रूपमा हटाइएपछि युवाहरू स्वस्फूर्त रूपमा यो अभियान सुरु गरेका हुन् । यस अवसरमा बिहीबार राजधानीका विभिन्न स्थानमा विशेष कार्यक्रमको आयोजना गरिएको छ । ***(रासस)***

# जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री ओलीलाई पत्राचार गर्ने

काठमाडौँ, १७ पुस । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनसँग सम्बन्धित विषयमा जाँचबुझ गर्न गठित आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बयानको लागि पत्राचार गर्ने भएको छ ।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले बिहीबार सञ्चारकर्मीको प्रश्नको जवाफमा तत्कालीन गृहमन्त्री रमेश लेखकसँग बयान लिने काम सम्पन्न भएसँगै अब तत्कालीन प्रधानमन्त्री ओलीलाई बयानमा बोलाउन पत्राचार गर्न लागेको स्पष्ट गर्नुभयो ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष एवम् तत्कालीन प्रधानमन्त्री ओलीले सो आयोगको कानुनी हैसियत र स्वच्छतामा प्रश्न उठाउँदै बयान दिन आयोगमा नजाने पक्षमा आफ्नो भनाइ सार्वजनिक गरिरहनुभएको अवस्थामा आयोगले पत्राचार गरेको हो ।

आयोगलाई थप गरिएको समय सीमाभित्र प्रतिवेदन बुझाउने गरी आफूहरूले काम गरिरहेको उहाँले बताउनुभयो ।

गत असोज ५ गतेको मन्त्रिपरिषद् बैठकबाट गठित तीन सदस्यीय आयोगको कार्यकाल आगामी माघ ५ गतेसम्मका लागि थप गरिएको छ ।

## सङ्क्षिप्त समाचार

# खोला किनारको मापदण्ड खारेजीको माग गर्दै प्रदर्शन

काठमाडौँ, १७ पुस । काठमाडौँ उपत्यकाका सडक र खोला किनारका बासिन्दाहरूले नदी तथा खोलाको मापदण्ड खारेजीको माग गर्दै प्रदर्शन गरेका छन् ।

बिहीबार माइतीघर मण्डलामा पीडितहरूले नाराबाजी गर्दै प्रदर्शन गरेका हुन् । गैरन्यायिक खोला मापदण्ड खारेजीको माग गर्दै साँचल सङ्घर्ष समिति, विष्णुमति करिडोर (चमति) तदर्थ समिति, संयुक्त खोला मापदण्ड प्रभावित सङ्घर्ष समिति, बागमती-मनोहरा सरोकार समितिको आयोजनामा विरोध प्रदर्शन गरिएको हो ।

प्रदर्शनीमा 'फैसला होइन न्याउ देउ, गैर न्यायिक खोला मापदण्ड खारेज गर', 'जनतालाई उठिबास गर्ने गैरन्यायिक सडक तथा खोला मापदण्ड खारेज गर', 'खोला मिच्न पाइँदैन, मापदण्डको नाममा जनता विस्थापित गर्न पाइँदैन', 'खोला नदीको मापदण्ड खारेज गर' भन्ने नाराका साथ विरोध प्रदर्शन भएको हो ।

सर्वोच्च अदालतले नदी किनारबाट दायाँबायाँ २०/२० मिटर छाडेर मात्र संरक्षण बनाउन पाइने आदेश दिएको थियो । सो निर्णयको खारेजीको माग राख्दै प्रदर्शन गरिएको हो । *(रासस)*

# करिब छ महिनापछि सञ्चालनमा आयो रसुवागढी नाका

रसुवा, १७ पुस । नेपालको उत्तरी रसुवागढी अन्तर्राष्ट्रिय नाका बिहीबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएको छ । रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीका अनुसार गत असार २४ गते ल्हेन्देखोलामा आएको बाढीले मितेरी पुल बगाएपछि पूर्ण रूपमा बन्द भएको उक्त नाका बिहीबार बिहानदेखि सञ्चालनमा आएको हो ।

नाका सञ्चालनका लागि चीन सरकारले ९१ मिटर लम्बाइको बेलिब्रिज निर्माण गरेपश्चात् सवारीसाधन सञ्चालनमा आएका उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार पुलको भारवहन क्षमता ५५ टन बराबर रहेको छ । केरूङ नाका खुलेपश्चात् चिनियाँ सामान आयातका लागि आठ वटा नेपाली कन्टेनर मितेरी पुल पार गरी केरूङतर्फ प्रस्थान गरिसकेका जनाउँदै सीमा प्रहरीचौकी टिमुरेका प्रहरी निरीक्षक विक्रम कुँवरले केही सवारीसाधन त्यसतर्फ जानका लागि तयारी अवस्थामा रहेका बताउनुभयो ।

सामान आयातको करबाट सङ्कलन हुने राजस्व गत वर्षको तुलनामा चालु आर्थिक वर्षको हालसम्म रु. २२ अर्बभन्दा बढी नोक्सान भइसकेको प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईले जानकारी दिनुभयो । स्याफ्रुबेँसी-सुवागढी खण्डको सडक जीर्ण हुँदा मालवाहक सवारीसाधन सञ्चालनमा समस्या हुनुका साथै सम्भावित दुर्घटना न्यूनीकरण गरी जनधनको सुरक्षामा विशेष ध्यानदिन सरोकार भएका निकायलाई आग्रह गरिएको सवारी चालक रसुवा यार्साका सुकु तामाङले बताउनुभयो ।

गत असार २४ गतेको बाढीले दर्जनौँ स्थानका सडक कटान गरी गल्छी-रसुवागढी सडक सुधार आयोजनाले मर्मत गरे पनि सडकको ट्र्याक खोल्ने काम मात्र भएको थियो । उक्त समयमा टेवा पर्खाल मजबुत बनाउन नसक्दा सवारीसाधन सञ्चालनमा जोखिम बन्दै गएपछि सवारीचालकहरूले समस्या समाधानका लागि आग्रह गरेका हुन् । *(रासस)*

# तराईमा हुस्सुको प्रभाव, उच्च पहाडी क्षेत्रमा हल्का वर्षा र हिमपातको सम्भावना

काठमाडौँ, १७ पुस । देशभर हाल पश्चिमी वायुको आंशिक प्रभाव कायमै रहेकाले तराई भू-भागका अधिकांश स्थानहरूमा बिहीबार दिउँसो हुस्सु तथा कुहिरो लाग्ने छ भने केही प्रदेशमा आंशिक बदली भएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

अहिले तराईका अधिकांश स्थानहरू हुस्सुले ढाकिएका छन् । महाशाखाका अनुसार कर्णाली र सुदूरपश्चिम प्रदेशमा आंशिक बदली भएको छ भने लुम्बिनी प्रदेशसहित कर्णाली, सुदूरपश्चिम तथा बाँकी उच्च पहाडी र हिमाली भू-भागमा पनि आंशिक बदली हुने अनुमान गरिएको छ ।

यसैगरी, कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एकदुई स्थानमा हल्का वर्षा वा हिमपातको सम्भावना रहेको महाशाखाको पूर्वानुमान छ ।

बिहीबार राति तराई भू-भागका केही स्थानहरूमा हुस्सु कायमै रहनेछ । कर्णाली र सुदूरपश्चिम प्रदेशसहित उच्च पहाडी तथा हिमाली भागमा आंशिक बदली रहनेछ भने बाँकी भागमा मौसम मुख्यतया सफा रहने पूर्वानुमान छ । साथै कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रका एकदुई स्थानमा हल्का वर्षा वा हिमपात हुन सक्ने छ ।

मौसम पूर्वानुमान महाशाखाले तराई क्षेत्रमा हुस्सुको प्रभावका कारण दैनिक जनजीवन, स्वास्थ्य तथा सडक यातायातमा आंशिक असर पर्न सक्ने चेतावनी दिएको छ । महाशाखाले आवश्यक सतर्कता अपनाउन तथा दैनिक रूपमा जारी हुने अद्यावधिक मौसमी सूचनाको जानकारी लिन सर्वसाधारणलाई अनुरोध गरेको छ । *(रासस)*



**सूर्योदय दृश्यावलोकन गर्न पुनहिलमा पर्यटक**
धौलागिरि (म्याग्दी) । ईस्वी संवत्को नयाँ वर्षको पहिलो दिन बिहीबार बिहान म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित घोरेपानी पुनहिलबाट सूर्योदय हेर्दै नयाँ वर्षको स्वागत गर्न आएका आन्तरिक तथा बाह्य पर्यटकहरू । *तस्बिर : दलप्रसाद विश्वकर्मा/रासस*

# भोटखोलास्थित सीमा स्तम्भ निरीक्षण

किमाथाङ्का, १७ पुस । सङ्खुवासभाको जिल्लाको उत्तरी क्षेत्र भोटखोला गाउँपालिका-१, किमाथाङ्का नाकास्थित नेपाल-चीन सिमानामा रहेका सीमा स्तम्भको निरीक्षण गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ अरुण गुल्म चैनपुर अन्तर्गतको सीमा सुरक्षा पोष्ट बिओपी किमाथाङ्का बिओपी, चिनियाँ प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले सङ्खुवासभाको उत्तरी क्षेत्र किमाथाङ्का नाकामा रहेको नेपाल-चीन सिमानामा सीमा स्तम्भको निरीक्षण गरेको हो । उत्तरी क्षेत्र भोटखोला गाउँपालिका-१ किमाथाङ्का नाकामा चीनको स्वशासित क्षेत्र तिब्बतसँगको सिमानापर्ने नेपाल-चीन सिमानाका चार वटा सीमास्तम्भ निरीक्षण गरेको छ ।

सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोष्ट बिओपी किमाथाङ्का, चिनियाँ प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले उत्तरी क्षेत्र भोटखोला गाउँपालिका-१ अन्तर्गत रहेका चारवटा सीमा स्तम्भको निरीक्षण गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ अरुण गुल्म चैनपुरका प्रहरी नायब उपरीक्षक बाबुराम पौडेलले जानकारी दिनुभयो ।

संयुक्त सुरक्षा टोलीले किमाथाङ्का नाकामा रहेका ६७, ६८/२, ६९/१ र ६९/२ नम्बरको सीमास्तम्भ र सीमाको अवस्था लगायतका विषयमा निरीक्षण गरेको सशस्त्र प्रहरी बल नेपाल नंम्बर ४ अरुण गुल्म चैनपुरका सशस्त्र प्रहरी नायब उपरीक्षक पौडेलले बताउनुभयो ।

संयुक्त टोलीले इलाकाको बस्तु स्थिति तथा सीमा चिह्नको अवस्थासमेत निरीक्षण गरेको छ । सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोष्ट बिओपी किमाथाङ्का इन्चार्ज नवीन खतिवडा नेतृत्वमा ११ जना, चीनको स्वशासित क्षेत्र तिब्बतका डिएसपी दावा छिरिङको कमाण्डमा सातजना र नेपाल प्रहरीका पाँच जनाको संयुक्त टोलीले विभिन्न सीमास्तम्भको निरीक्षण गरेको छ । भोटखोला गाउँपालिकाका- १, २ र ३ सिधैँ चीनको भू-भागसँग जोडिएका छन् । सङ्खुवासभा जिल्लामा २१ वटा सीमास्तम्भ रहेका छन् । किमाथाङ्कामा नेपाल-चीनअन्तर्राष्ट्रिय सीमास्तम्भ निक्कै पुरानो भएको बताइएको छ ।

गत जेठमा आएको बाढीले ७१/१ को सीमा स्तम्भ बगाएर बेपत्ता बनाएको छ । किमाथाङ्का नाकामा २०७६ मा सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोष्ट बिओपी स्थापना भएको हो ।

भोटखोला-१ स्थित दोङ्गेप्पाखोला र छोकाङ खोलामा बाढीले बगाएको ७१/१ सिमास्तम्भ हालसम्म फेला परेको छैन । भोटखोला गाउँपालिका-१, २ र ३ छिमेकी चीनको भू-भागसँग जोडिएका छन् । यस क्षेत्रमा करिब पाँच हजारको बसोबास रहेको छ भने यहाँ आलु र कोदो मात्र उत्पादनहुँदै आएको छ । किमाथाङ्कावासी सीमापारिको चाँगा बजारमा गएर दैनिक रोजगारी गरेर जीविका चलाउँदै आएका छन् । खाँदबारीदेखि किमाथाङ्का एक सय ६२ किलोमिटरको दूरीमा पर्दछ । *(रासस)*

# ऐतिहासिक पर्सागढीमा विजय उत्सव मनाइने

वीरगञ्ज (पर्सा), १७ पुस । ब्रिटिस इष्ट इन्डिया कम्पनीको फौजलाई गोर्खाली सेनाले पराजित गरेको ऐतिहासिक युद्धस्थल पर्सागढीमा विजय उत्सव मनाइने भएको छ ।

गोर्खाली सेनाले ऐतिहासिक जित हात पारेको अवसरमा पारेर यस वर्ष पनि २११ औं विजय यही पुस १९ गते भव्य कार्यक्रम गरेर उत्सव मनाउन लागिएको पर्सागढी नगरपालिका प्रमुख गोकर्ण पाठकले बताउनुभयो ।

उहाँले विभिन्न कालखण्डमा भएको क्रान्तिले मुलुकभित्र सत्ता मात्रै परिवर्तन गरे पनि विसं १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इष्ट इन्डिया कम्पनी फौजबिच भएको युद्धले नेपाल जोगाउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको स्मरणमा विजय उत्सव मनाउन लागिएको बताउनुभयो ।

"गोर्खाली सेनाले पर्सागढीको युद्ध जितेकाले नेपाल नेपालको रूपमा रहिरहेको छ । त्यसैले पनि त्यो खास विजयलाई चिरस्थायी बनाउन पनि विजय उत्सव मनाउन लागेका हौँ", नगरप्रमुख पाठकले भन्नुभयो, "अन्य नेपालका गढीहरू व्यवस्थित भए पनि पर्सागढी जग्गाको किचलोको कारणले व्यवस्थित गराउन समस्या भइरहेको छ । त्यसमा पनि यसपटकको समारोहले ध्यानाकर्षण गर्नेछ ।"

श्रीजङ्ग गण पर्साका प्रमुख सेनानी लोकेन्द्र कार्कीले ब्याण्डबाजा, सेनाको ऐतिहासिक वेशभूषासहित पदयात्रा गरिने जानकारी दिनुभयो । "नेपाली सेनाले राष्ट्रिय गीतमा विशेष प्रदर्शनी गर्ने योजना बनाएको छ," उहाँले भन्नुभयो, "विजयउत्सवलाई भव्य र सभ्य ढङ्गले मनाउन लागेका छौँ ।"

पर्सागढी मन्दिर व्यवस्थापन समिति, नेपाली सेनाको श्रीजङ्ग गण, पर्सागढी नगरपालिकाको सहकार्यमा विजयउत्सव मनाउन लागिएको हो । पर्सागढी मन्दिर व्यवस्थापन समितिका पूर्वअध्यक्ष बृजमोहन चौधरीले गोर्खाली सेनाले तत्कालीन ब्रिटिस सेनालाई हराएको ऐतिहासिक पर्सागढी जङ्गल क्षेत्र स्थानीयले कब्जा गर्दा यहाँ अन्य संरचना बनाउन समस्या भइरहेको गुनासो गर्नुभयो ।

"ऐतिहासिक पर्सागढीको जग्गा अतिक्रमणको चपेटामा परेकाले पनि यहाँ व्यवस्थित गराउन समस्या भइरहेको छ । हामीले अतिक्रमणमा परेको जग्गा फिर्ता ल्याउने कोसिस गरे पनि अहिलेसम्म सफल हुन सकिरहेका छैनौँ", पूर्वअध्यक्ष चौधरीले भन्नुभयो,"आफ्ना सातौँ पुस्ताका अग्रज रञ्जित चौधरीले गोर्खाली सेनासँग मिलेर ब्रिटिस फौजसँग युद्ध जितेको ऐतिहासिकस्थल भावी पुस्ताका निम्ति संरक्षण गर्नुपर्छ भनेर म पनि लागिरहेको छु । यसमा सबैको हातेमालो आवश्यक छ ।"

विसं १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इष्ट इन्डिया कम्पनी फौज पर्सागढीमा युद्ध भएको थियो । अङ्ग्रज फौजको नेतृत्व मेजर जनरल मार्लेअन्तर्गतका कप्तान सिब्लीले गरेका थिए भने नेपाली फौजको नेतृत्व भने रञ्जित चौधरीले गरेको बताइन्छ ।

साबिक गाउँ भिmगना, पचरुखी, चैनपुर, बागिश्वरी, बागवान, हरपुर, बिरुवा, बकनेर्वाका स्थानीय बासिन्दाले ठूलो सङ्ख्यामा स्थानीय हातहतियारसहित भैँसी तथा राँगाको सिङमा मसाल बाँधी दुवै खोलाको मुहान र दोभान छाडी गोर्खाली फौजको ठूलो सङ्ख्या आएको भान पारी अङ्ग्रेजलाई त्यहाँबाट भगाएको कथन छ ।

यहाँ पर्सागढीको युद्धमा सक्रिय भूमिका निर्वाह गरेका रञ्जित चौधरीका कुलदेवता वन्हरबाबाको मन्दिर निर्माण गरिएको छ । पर्सागढी मन्दिर परिसरमा धर्मशाला पनि सञ्चालनमा छ । समितिका अध्यक्ष चौधरीले पुराना हतियार सङ्ग्रह गरिए पनि सङ्ग्रहालय निर्माण गर्न नसकिएको बताउनुभयो ।

पर्सागढी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामजनकप्रसाद चौधरीले स्थानीयको अतिक्रमणको पर्सागढीका नाममा हालसम्म डेढ बिघा जग्गा मात्रै सीमित रहेको गुनासो गर्नुभयो । "विगतमा १८९ बिघा क्षेत्रफलमा युद्धस्थल रहेको विभिन्न रेकर्डले देखाउँछ, तर हाल यहाँको मुख्य संरचना पनि निजी व्यक्तिको नाममा रहेको छ", उहाँले भन्नुभयो, "पर्सागढीको ऐतिहासिक जग्गा संरक्षणका लागि तीनवटै सरकार सक्रिय भएर लाग्न जरुरत भइसकेको छ ।" *(रासस)*

। सम्पादकीय ।

# मार्क्सवादलाई व्यवहारमा लागू गर्नु नै माओ विचारधारा

मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारा चिनियाँ कम्युनिस्ट पार्टीको निर्देशक सिद्धान्त र विचारधारा हो । अर्थात्, माओ त्सेतुङ विचारधारा मार्क्सवाद-लेनिनवादभन्दा बाहिरको सिद्धान्त होइन । माओ विचारधारा चीनमा मार्क्सवाद-लेनिनवादको प्रयोगबाट विकास भएको वैज्ञानिक सिद्धान्त र अनुभव हो । मार्क्सवाद-लेनिनवादको विश्वव्यापी सत्यताको आधारमा चिनियाँ कम्युनिस्टहरूले चिनियाँ भूमिमा माओ विचारधारालाई विकास गरेका हुन् । माओ विचारधारामा समर्पित चिनियाँ कम्युनिस्टहरूले मार्क्सवादी सिद्धान्तलाई व्यवहारसँग मिलाउने काम पनि गरेका थिए । माओ त्सेतुङ विचारधारा व्यवहारबाट स्थापित भइसकेको पार्टीको सामूहिक बुद्धिको फल र चिनियाँ क्रान्तिको सही सिद्धान्त र सच्चाइ हो । अत: माओ विचारधारा चिनियाँ कम्युनिस्ट पार्टी, चिनियाँ जनता र चिनियाँ राष्ट्रको एक महत्त्वपूर्ण वैचारिक सम्पत्तिको रुपमा रहेको छ, रहिरहनेछ । माओ त्सेतुङ विचारधारा माओ त्सेतुङको व्यक्तिगत बुद्धिको मात्रै फल होइन, यो उहाँका सहयोद्धा, पार्टी, क्रान्तिकारी जनताको अनुभवको सार हो । यो विचारधारा चिनियाँ क्रान्तिको सङ्घर्षहरूमा मार्क्सवाद-लेनिनवादको प्रयोग र विकास हो । यो चिनियाँ क्रान्तिको मार्क्सवाद-लेनिनवादको विश्वव्यापी सत्यको एकताको फल हो ।

सिद्धान्तलाई व्यवहारसँग मिलाउने कामको नेतृत्व चीनमा माओ त्सेतुङले गरेका थिए । मार्क्सवाद-लेनिनवादलाई चिनियाँ क्रान्तिमा लागू गर्नु सजिलो थिएन । माओ त्सेतुङले मार्क्सवादी सिद्धान्तको ज्ञान र द्वन्द्वलाई विकास गरे । तथ्यहरूबाट सत्य खोज्ने दृष्टिकोण, सिद्धान्तलाई व्यवहारसँग एक गर्ने र व्यवहारबाट जाँच्ने, सत्यलाई विकास गर्ने र कुनै वस्तुको बेमेललाई ठीकसित व्याख्या गर्ने विचार माओ त्सेतुङका महत्त्वपूर्ण विशेषताहरू हुन् । जनसमुदायमा विश्वास गर्ने जननीति, जनताको निम्ति जनसमुदायमा भर पर्ने, देशभक्ति भावनालाई अन्तर्राष्ट्रियकरण गर्ने, क्रान्ति र निर्माणलाई आफ्नै भरमा काम गर्ने सिद्धान्त र कार्यनीति माओले नै प्रतिपादन गरेका थिए । चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरूले मार्क्सवादलाई कोरा सिद्धान्तको रूपमा आत्मसात नगरी त्यसलाई आफ्नो देशको परिस्थिति लागू गर्ने दिशा निर्देशको रूपमा लिएका थिए । कोरिया, भियतनाम र क्युवाजस्तो तेस्रो विश्वका देशहरूको क्रान्तिहरूमा पनि यही कुरा लागू हुन्छ । माओ त्सेतुङ भन्ने गर्थे, कम्युनिस्टको हृदय विशाल हुनुपर्छ, ऊ इमानदार र सक्रिय हुनुपर्छ, क्रान्तिको हितलाई उसले आफ्नो ज्यानभन्दा प्यारो सम्झनुपर्छ; आफ्नो व्यक्तिगत हितलाई क्रान्तिको हितको अधीनमा राख्नुपर्छ । व्यक्तिको भन्दा बढ्ता उसले पार्टी र जनताको चिन्ता लिनुपर्छ ।

हो, कम्युनिस्टहरू सबभन्दा बढ्ता दूरदर्शी हुनुपर्छ । उनीहरू सबभन्दा बढी त्यागी र दृढ हुनुपर्छ । बहुसङ्ख्यक जनताको समर्थनमा अघि बढेर काम गर्नुपर्छ । उँचो भावना राखेर मानवको सेवा गर्ने, मानिसको इच्छा र आकाङ्क्षालाई उँचो बनाउने, उद्देश्यप्रति लगनशील र सङ्घर्षशील हुने काममा कम्युनिस्टहरू दत्तचित्त भएर लाग्नुपर्छ । स्तालिनले कम्युनिस्टलाई 'यमराजको ढोका घच्घच्याउने साहसी' को उपमा दिएका थिए । यसको अर्थ हो, कम्युनिस्टले बहुमत जनताको हितको निम्ति आफू समर्पित हुनुपर्छ । भियतनामी जनताका नेता हो चि मिन्ह भन्थे, पुरानो समाजको सबभन्दा खराब र डरलाग्दो अवशेष व्यक्तिवाद हो । व्यक्तिवाद क्रान्तिकारी नैतिकताको विपरीत कुरा हो । क्रान्तिकारी नैतिकता भएको व्यक्तिले मात्रै गौरवशाली काम पूरा गर्न सकिन्छ । पार्टी र क्रान्तिको निम्ति सङ्घर्षमा आफ्नो जीवन अर्पण गर्नु, आफ्नो हितभन्दा पार्टी र जनताको हितलाई पहिलो स्थान दिनु एक कम्युनिस्टको आचरण हो । आफूले गरेको सेवाको घमण्ड नगरी सम्मान, पद र विशेषाधिकार नखोजी आफ्नो क्रान्तिकारी नैतिकता विकास गर्नु नै सच्चा कम्युनिस्ट कार्यकर्ताको गुण हो ।

एकचोटि मार्क्सका मित्र मेहरिङले भनेका थिए, साम्यवाद दाल, भात र डुकुमात्रै होइन; त्यो त साह्रै उँचो सांस्कृतिक क्रान्ति हो ।" शोषणले गहिरो जरा गाडेको समाजलाई पूर्णरुपले बदल्ने युगान्तकारी काम त्यति सजिलो हुँदैन । व्यक्तिवाद, अहङ्कार, छाडापन, ऐय्यासी जीवन, एकलकाँटेपन, निराशा, बेइमानी, आडम्बरले कामदारवर्गका जनताको सेवा हुँदैन । यसकारण, हरेक सच्चा समाजवादी या सच्चा कम्युनिस्टले कुनै पनि वैगुणबाट अलग्ग राख्न खोज्नु स्वाभाविक हो । जनताको पक्ष लिएका भन्ने दल या कम्युनिस्ट पार्टीले जनताको सेवामा बाधा हाल्न त्यस्तै पार्टी खोलेको हुन्छ । हिटलर र मुसोलिनीले मजदुर वर्गलाई झुक्याउन समाजवादमा 'राष्ट्रिय' शब्द थपे । भारतीय काङ्ग्रेसजस्तो पुँजीवादी पार्टीले 'मजदुर सङ्गठन'हरू बनायो । इन्दिरा गान्धीले त आफ्नो पार्टीको लक्ष्य नै समाजवाद भनेकी थिइन् । केही दलहरूले यहाँ कम्युनिस्ट पार्टी, समाजवादी पार्टी, जनता पार्टी भनी राजनीति गर्दै छन् । उनीहरूले जनताको विश्वास जित्न, जनताको मत पाउन झूटको राजनीति गर्दै छन्, जनतालाई ढाँट्दै छन् । कम्युनिस्ट भनिने सरकारमा पुगेका दल सत्तामा बसे पनि नबसे पनि श्रमजीवी जनताको पक्षमा काम गरेको देखिँदैन । यसको अर्थ हो, सिद्धान्तलाई व्यवहारमा लागू गरिएन । यो नेपालका कम्युनिस्टहरूको सबभन्दा कमजोर पक्ष हो ।

# सङ्घीयता कार्यान्वयनका व्यवहारिक पक्ष, भक्तपुर नगरपालिका र सङ्घीयता कार्यान्वयनका चुनौतीहरू



सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

**नेपालमा सङ्घीयता :**

२०६२/६३ को आन्दोलनमा सङ्घीयताको माग उठेको थिएन । आन्दोलनको सफलतापछि निर्मित अन्तरिम संविधान २०६३ माघ १ गतेबाट लागू भयो । अन्तरिम संविधान जारीपछि त्यसको विरोधमा सङ्घीयताको माग गर्दै तराईका जिल्लाहरूमा आन्दोलनहरू भए । 'एक मधेश एक प्रदेश' को नारा लगाइयो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र तराई आन्दोलनका नेतृत्वकारीहरूबिच सम्झौता भयो । सम्झौतामा 'देश सङ्घीय प्रणालीसहित अग्रगामी संरचना गर्ने (अन्तरिम संविधानको धारा १३८), जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने' उल्लेख गरियो । २०६२/११/२५ गते अन्तरिम संविधानको पहिलो संशोधन गरी सङ्घीयताको व्यवस्था गरियो ।

सङ्घीयताबारे दलहरूबिच पर्याप्त छलफल भएको थिएन । सङ्घीयता मधेसको आन्दोलनलाई सम्बोधन गर्ने क्रममा संविधानको अङ्ग बनेको थियो । संसद्मा सङ्घीयताबारे छलफलको क्रममा नेपाल मजदुर किसान पार्टीले स्पष्ट भनेको थियो - 'विकेन्द्रीकरण र स्वायत्तताको पूर्ण कार्यान्वयन गर्ने हो भने नेपालजस्तो सानो देशको लागि सङ्घीयता आवश्यक छैन । सङ्घीयता जादुको छडी होइन, सङ्घीयता हुँदैमा देश विकास हुन्छ भन्नेमा हामी विश्वास गर्दैनौं ।'

दुई-दुईपटक संविधानसभाको निर्वाचन भयो । २०७२ सालमा नेपालको संविधान जारी भएको पनि १० वर्ष भयो । सङ्घीयता कार्यान्वयनमा आएको ८ वर्ष पूरा भयो । संविधानले तीन तहको सरकारको व्यवस्था गऱ्यो । संविधानमै सङ्घलाई ३५, प्रदेशलाई २५ र स्थानीय तहलाई २२ वटा एकल अधिकार तोकियो । यी सबै अधिकार राम्रोसँग कार्यान्वयनको निम्ति १८० वटा ऐनहरू आवश्यक पर्छ । तर, सङ्घ र प्रदेशले ती कानुनहरू निर्माण गरी नदिँदा अहिले सङ्घीयता कार्यान्वयनमा समस्या भएको हो ।

संविधानमा सङ्घीयता आए सिंहदरबार चलाउने नेता, प्रधानमन्त्री र मन्त्रीहरूको सोच र चिन्तनमा अझै पनि एकात्मक सोच हटेको छैन । पूर्वप्रधानमन्त्री केपी ओलीले पटक-पटक 'स्थानीय तह सङ्घको एकाइ मात्र हुन्' भनी सार्वजनिक अभिव्यक्ति दिएबाट त्यसको पुष्टि हुन्छ । नेताहरूमा एकात्मक सोच भएसम्म सङ्घीयता राम्रोसँग कार्यान्वयन हुन सक्दैन ।

शिक्षा, प्रदेश प्रहरी, निजामती कर्मचारीजस्ता महत्त्वपूर्ण विषयहरूकै अहिलेसम्म कानुन निर्माण गर्न सकेको छैन । निजामती विधेयक पारित भए पनि कुलिङ पिरियडको कारण विवादित बन्यो । संसद् विघटनपछि त्यो विधेयक स्वत: निष्क्रिय भयो । प्रहरी ऐन नबनेको कारण अहिले प्रदेशहरूमा प्रहरीबिनाका गृहमन्त्रीहरू छन् । जिल्लाका सिडिओको भन्दा प्रदेश गृहमन्त्री कमजोर अवस्थामा छन् । प्रदेश प्रहरीको व्यवस्था भएको भए सायद भदौ २३ र २४ गते उपत्यका बाहिरका प्रदेश संरचना र स्थानीय तहहरूमा त्यति ठुलो क्षति हुने थिएनन् कि !

कति नेताहरूले सङ्घीयतालाई देश विकासको 'अचुक अस्त्र' जस्तो पनि व्याख्या गरे । ८ वर्षको अभ्यासले त्यो सही नभएको प्रमाणित भयो । चीन, जापान, प्रजग कोरियालगायत एकात्मक देशहरूले पनि आ-आफ्नै शैलीमा देशको विकास गर्दै छन् । कतिले सङ्घीयताले देश विभाजन हुने खतरा देखाए । यी सबै विषयमा राज्य सञ्चालकहरूले ध्यान दिनु आवश्यक छ । संरा अमेरिका, स्वीट्जरल्यान्ड, जर्मनी, अस्ट्रेलिया, भारतलगायतले सङ्घीयतामै आ-आफ्नो देश विकास गरिरहेका छन् । त्यसैले, सङ्घीयता राज्यको एउटा मोडेल मात्र हो । राम्रो व्यवस्थापन गर्न नसकेमा त्यसले दुष्परिणाम पनि ल्याउन सक्छ । सङ्घीय राज्यहरू सोभियत सङ्घ १५ वटा, युगोस्लाभिया ७ वटा र चेकोस्लाभाकीया २ टुक्रामा विभाजित भयो । सोमालिया, रुवान्डा, बरुन्डीलगायतका देशहरू जातीय सङ्घीयताका कारण युद्धमा फसिरहेका छन् । ती देशहरूको अर्थतन्त्र अत्यन्त कमजोर अवस्थामा छन् ।

केही नेताहरूले १० वर्षमा नेपाललाई 'स्वीट्जरल्यान्ड बनाउने' सपना देखाए भने कतिले 'सिङ्गापुर बनाउने' बताए । स्वीट्जरल्यान्ड एकै दिन एकै वर्ष बनेको होइन । क्षेत्रफल ४१ हजार वर्ग कि.मि. र जनसङ्ख्या ९० हजारमात्र भएको स्वीट्जरल्यान्ड नेपालभन्दा झण्डै ३ गुणा सानो छ । तर, त्यहाँ २६ वटा क्यान्टोनहरू छन् । सांसदहरू मासिक भत्ता बुझ्दैनन् । सांसदहरूले संसदीय कार्यलाई आंशिक कामको रूपमा लिन्छन् र राष्ट्रपतिसमेत त्यहाँ जम्मा ७ जनाको मन्त्रिमण्डलको व्यवस्था छ । राष्ट्रपति एक एक वर्षमा परिवर्तन हुन्छ । दोहोऱ्याएर राष्ट्रपति बन्न पाउँदैन ।

नेपालमा १०० भन्दा बढी मन्त्री, ८०० भन्दा बढी सांसदहरू छन् । उनीहरूको मासिक भत्ता करोडौँ जान्छ । नेपालले स्वीट्जरल्यान्डसँग तुलना गर्न सम्भव छैन । नेपाललाई नेपालकै मोडलमा विकास गर्ने कोसिस गर्नुपर्छ ।

२०४६ सालदेखि शासन सत्तामा पुगेका राजनैतिक दलहरूले गरेको चरम भ्रष्टाचार, पक्षपात र भागबन्डाको परिणाम सारा जनता असन्तुष्ट भए । युवा, विद्यार्थीहरू रोजगारी र उच्च शिक्षाको निम्ति विदेश जान बाध्य छन् । भदौ २३ र २४ गतेको युवाहरूको आन्दोलन वा प्रदर्शन शासक दलहरूप्रतिको असन्तोषको परिणाम हो ।

सङ्घ, प्रदेश र स्थानीय तहबिच कुनै समन्वय छैन । समन्वय र सहकार्यको आधारमा विकास गर्ने संविधानले देखाएको बाटो हो । सङ्घ र प्रदेशले स्थानीय तहलाई आफ्नो आदेश पालक मात्रै ठान्नु नै अहिलेको समस्या हो ।

सङ्घीयताको प्रभावकारी कार्यान्वयन नभएपछि प्रदेशहरूको औचित्यमाथि पनि प्रश्नहरू उठेका छन् । प्रदेशका राजनीतिक दलहरूले सरकार गठन र विघटनमै समय व्यतित गरे । राप्रपा, रास्वपा र राजमोले सुरुदेखि नै सङ्घीयताको विरोध गर्दै आएका छन् । प्रदेश सरकारहरूको प्रभावहीनताले ती आवाजलाई थप बल पुग्न गएको छ । नेपालको सन्दर्भमा अहिले नै सङ्घीयता ठीक र बेठीक भनी मूल्याङ्कन गर्ने बेला भएको छैन । सङ्घीयता नेपालको लागि नयाँ राज्य संरचना हो । यसको अभ्यास गर्दै कमी कमजोरीलाई सुधार्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

**सङ्घीय संरचनामा भक्तपुर नगरपालिका :**

नेपालको संविधानले समाजवादउन्मुख राज्य घोषणा गरेको छ । समाजवादको अर्थ उत्पादनका मुख्य मुख्य साधनहरूको सामाजिकीकरण, शिक्षा, स्वास्थ्य उपचार नि:शुल्क, योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोबस्तसहित आर्थिक समानता हुने समाज हो । भक्तपुर नगरपालिकाले संविधानको त्यही भावनाअनुसार काम गर्दै छ ।

शिक्षामा भक्तपुर नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेजसहित उच्च शिक्षा प्रदान गर्ने ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै छ । ती शैक्षिक संस्थाहरूमा देशभरका ७ हजारभन्दा बढी विद्यार्थी पढ्दै छन् । गरिब र जेहेन्दार विद्यार्थीका लागि वर्षको ४ करोडभन्दा बढी छात्रवृत्तिको बन्दोबस्त र इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, दर्शनशास्त्रलगायत पढ्ने नगरवासी विद्यार्थीहरूलाई पीएचडीसम्म छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ । वडा वडामा शिशुस्याहार केन्द्रहरूको सञ्चालन, ९२ वटा विद्यालयहरूमा गुणस्तरीय शिक्षा, कक्षा ५, ८ र १० को परीक्षाको व्यवस्थाले भक्तपुरको शिक्षाको गुणस्तरमा वृद्धि भइरहेको छ । नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनको तयारी पनि गरिरहेको छ ।

त्यस्तै, स्वास्थ्यतर्फ घरदैलो नर्सिङ सेवा, वडा-वडामा स्वास्थ्य केन्द्र सञ्चालन, १०० शय्याको ख्वप अस्पताल र ख्वप तिलगङ्गा आँखा अस्पताल सञ्चालन गरी जनतालाई सहज स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । श्वासप्रश्वास केन्द्रको व्यवस्था गर्नुका साथै जनतालाई अक्सिजन र रगत नि:शुल्क वितरण तथा नियमित स्वास्थ्य शिविरहरू गर्दै आइरहेको छ ।

भक्तपुरमा सम्पदा संरक्षणतर्फ विदेशीको सहयोगबिना नपाले २०७४ सालपछि १७१ वटा सम्पदाहरू स्थानीय जनताको साथ र सहयोगबाट पुन:निर्माण र जीर्णोद्धार सम्पन्न भइसकेको छ । अझै डेढ दर्जन महत्त्वपूर्ण सम्पदाहरू निर्माणाधीन छन् ।

सम्पदा पुन:निर्माण र जीर्णोद्धर ठेक्कामा गर्न नहुनेमा हाम्रो जोड रहँदै आएको छ । संस्कृति संरक्षणतर्फ हेर्ने हो भने परम्परागत बाजा, नाच नयाँ पुस्तालाई प्रशिक्षण, सांस्कृतिक गुरु सम्मान, समय समयमा महोत्सव, सम्पदा पदयात्रा कार्यक्रमहरू गरेर मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षणमा पनि नगरपालिका उत्तिकै लागिरहेको छ ।

फोहर व्यवस्थापनमा कुहिने र नकुहिने फोहोर घर घरबाटै अलग अलग सङ्कलन गरी कुहिने फोहर जतिको कम्पोस्ट मल बनाई किसानलाई बिक्री वितरण गर्दै आएको र नकुहिने जतिलाई पुन: प्रयोगको लागि बिक्री गरी नगरपालिकाले आम्दानी गर्दै आएको छ ।

युवाहरूलाई खेलकुद तथा सीपमूलक तालिमहरू दिएर आत्मनिर्भर बनाउने प्रयास गर्दै आएको छ भने भक्तपुर नगरपालिकाले सुशासनतर्फ पनि जोड दिँदै आएको छ । विकास निर्माणको काम जनसहभागितामा गर्ने, आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता अपनाउँदै भ्रष्टाचारशून्य नगरपालिकाको पहिचान कायम गर्दै आएको छ । आवश्यकताअनुसार कानुन, ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका बनाई काम गर्दै आएको नगरपालिकाले हालसम्म ७० वटाभन्दा बढी कानुनहरू निर्माण गरिसकेको छ ।

जनतालाई सुसूचित गर्न विभिन्न सञ्चारमाध्यमहरू 'भक्तपुर' मासिक, 'ख्वप पौ' पाक्षिक, 'भक्तपुर खबर डट कम' अनलाइन पत्रिका, भक्तपुर म्युनिसिपालिटी फेसबुक पेज, विभिन्न पुस्तक प्रकाशन, 'ख्वप टिभी' र 'ख्वप स:' रेडियो कार्यक्रम सञ्चालन पनि गर्दै आएको छ ।

**सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौतीहरू :**

राज्यको जिम्मेवार पदमा बसेका व्यक्तिहरूबाट पटक-पटक प्रदेश र स्थानीय तहहरू सङ्घको एकाइमात्र भएको जस्ता गैरजिम्मेवार अभिव्यक्ति आउनु, अनावश्यक जिल्ला समन्वय समिति कायम रहनु, सङ्घ र प्रदेशअन्तर्गतका एकाइहरू शिक्षा, स्वास्थ्य, कृषि, पशु, सिञ्चाइलगायत यथावत रहनु सङ्घीयता कार्यान्वयनका चुनौतीहरू हुन् । त्यस्तै, सङ्घ, प्रदेश र स्थानीय तहहरूबिच समन्वय र सहकार्यको अभाव, १-२ लाखको स-साना योजनाहरूसमेत सङ्घ र प्रदेशको योजनामा राख्नु, सशर्त बजेट बढाउँदै समानीकरण अनुदान घटाउँदै लानु र पुराना ऐनहरू यथावत राख्नु पनि सङ्घीयताका थप चुनौतीहरू हुन् भने स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नहुनु स्थानीय तहका लागि सबैभन्दा ठुलो समस्या हो ।

यी र यस्ता चुनौतीहरूलाई ध्यान दिएर सरकारले आवश्यक काम गर्न सके नेपालमा सङ्घीय प्रणालीको प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गर्न सकिन्छ ।

*(भक्तपुर नगरपालिकाका **प्रमुख सुनिल प्रजापति**ले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ( स्टाफ कलेज) ललितपुरको आयोजनामा २०८२ पुस १४ गते भएको 'सङ्घीयता कार्यान्वयन र व्यवहारिक पक्ष' विषयमा नवनियुक्त शाखा अधिकृतसँगको अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार)*

# माओ त्सतेुङ विचारधाराबारे अध्यक्ष माओ

केही समयअघि हामीले माओ त्सेतुङ विचारधाराबारे लेखिएका माओ त्सेतुङका केही लिखतहरू अध्ययन गर्‍यौं र थुप्रै कुरा पनि सिक्यौं। माओ त्सेतुङ विचारधारा र सत्यको सिद्धान्तको प्रश्नबारे हालैका अध्ययनमा यी कागतपत्रहरू अमूल्य र ठुलो महत्त्वको छ भन्ने कुरामा हामी विश्वास गर्छौं। माओ त्सेतुङको ८६ औं जन्म दिवसको स्मृतिमा लेखिएका हाम्रा अध्ययनका टिपोटहरू यी हुन् - चिनियाँ क्रान्तिको अनुभवमा मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनका सिद्धान्तहरूका साथसाथै पार्टी केन्द्रीय समितिको कागतपत्रले निश्चित गरिएको बाटो र नीतिहरूको आधारमा चिनियाँ कम्युनिस्टहरूले लेखेका केही पुस्तिकाहरू समावेश छन्।

१९२१ मा चिनियाँ कम्युनिस्ट पार्टीको सबै काममा मार्क्सवाद - लेनिनवादको विश्वव्यापी सत्यतालाई निर्देशक नीतिको रूपमा चिनियाँ क्रान्तिको खास व्यवहारलाई एक गरिएको छ। माओ त्सेतुङ यस्तो एकताको सबभन्दा ठुलो प्रतिनिधि हुनुहुन्छ। माओ त्सेतुङ विचारधारा चिनियाँ क्रान्तिको महान सङ्घर्षहरूमा मार्क्सवाद - लेनिनवादको प्रयोग र विकास हो। यो चिनियाँ क्रान्तिको खास व्यवहारसँग मार्क्सवाद - लेनिनवादको विश्वव्यापी सत्यको एकताको फल हो।

माओ त्सेतुङले चिनियाँ जनताको जीत र हारहरूको अनुभव र शिक्षाहरूको सार झिक्नुभयो र चेन तु स्यु, वाङ मिङ र अरुहरूद्वारा प्रतिनिधित्व गरिएको अवसरवादको विरोधको सङ्घर्षमा, सिद्धान्तलाई वास्तविकतासँग जोड्ने प्रश्नलाई अध्ययनको एक तरिकाको रूपमा प्रस्ट रूपले अगाडि ल्याउनुभयो। १९३९को सुरुमा 'कम्युनिस्टको परिचय' भन्ने आफ्नो लेखमा उहाँले सबभन्दा पहिले मार्क्सवादी - लेनिनवादी सिद्धान्तलाई चिनियाँ क्रान्तिको खास व्यवहारसँग एक गर्ने सूत्रलाई अगाडि ल्याउनुभयो। त्यस लेखबाट के देखाउनुभयो भने हाम्रो पार्टीको इतिहासमा जब - जब मार्क्सवादले लेनिनवादको विश्वव्यापी सच्चाइलाई चिनियाँ क्रान्तिको खास व्यवहारसँग एक गर्‍यो, क्रान्तिले विकास गर्‍यो र विजय प्राप्त गर्‍यो। त्यसो नगर्दा क्रान्ति पछि पर्‍यो र हार खायो। माओ त्सेतुङ आफ्नो सैद्धान्तिक दृष्टिकोणमा साह्रै होसियार र बुद्धिमान हुनुहुन्थ्यो। धेरै लामो समयसम्म माओ त्सेतुङ विचारधाराको प्रस्तावहरूसँग उहाँ सहमत हुनुभएन।

१९४३ मा अध्ययनद्वारा येनानमा सुधार आन्दोलनको बेला उल्लेखनीय ढङ्गले सारा पार्टीको मार्क्सवादी - लेनिनवादी स्तरलाई पनि उठाइएको थियो। पार्टीभित्रका झन् बढी कामरेडहरूले के देखे भने माओ त्सेतुङद्वारा प्रतिनिधित्व गरिएको मार्क्सवादी - लेनिनवादी सिद्धान्तलाई चिनियाँ क्रान्तिको वास्तविक परिस्थितसँग गाँस्ने विचारमात्रै सही थियो, जसले चिनियाँ क्रान्तिलाई विजयसम्म लैजान सक्थ्यो। त्यस वर्ष हाम्रो पार्टी २२ वर्षको थियो र माओ त्सेतुङ ५० वर्षको हुनुहुन्थ्यो। पार्टीभित्र केही कामरेडहरूले उहाँको जन्म दिवस मनाउने कुरा निकाले र माओ त्सेतुङ विचारधारालाई प्रचार गर्ने प्रस्ताव उठाए।

पार्टी केन्द्रीय समितिको मातहतको प्रचार विभागका प्रमुख फङले माओ त्सेतुङलाई त्यस सुझावबारे रिपोर्ट गरे। उहाँले न जन्म दिवस मनाउने कुरो स्वीकार गर्नुभयो न त माओ त्सेतुङ विचारधाराको उल्लेख गर्ने कुरो मान्नुभयो। पछिल्लो प्रश्नमा कामरेडकै फङलाई जवाफ दिँदै २३ अप्रिलको आफ्नो पत्रमा उहाँले भन्नुभयो, "मेरो विचार (मार्क्सवाद - लेनिनवाद) आफै परिपक्व भएको छैन भन्ने म अनुभव गर्छु, यो अझै सिक्ने अवस्थामै छ - प्रचार गर्ने अवस्थामा होइन। यदि प्रचार गर्नु छ भने खालि (सुधार आन्दोलनका जस्ता केही कागत - पत्रहरूको) केही भागहरू प्रचार गर्नु सुहाउँछ, यसलाई एक विचारको रूपमा प्रचार गर्नु उपयुक्त छैन किनभने मेरो विचारधारा अझसम्म परिपक्वतामा पुगेको छैन। १९४५ जून महिनामा हाम्रो पार्टीको संविधानमा तलका हरफ गाँसिएको थियो - चीनको कम्युनिस्ट पार्टीले मार्क्सवादी - लेनिनवादी सिद्धान्तलाई चिनियाँ क्रान्तिको व्यवहारसँग एक गर्ने विचार माओ त्सेतुङ विचारधारालाई आफ्नै सबै कामहरूको निर्देशक सिद्धान्तको रूपमा लिन्छ र कोरा सिद्धान्तवादी या प्रयोगसिद्ध अनुभववादी झुकावहरूलाई विरोध गर्छ। पछि माओ त्सेतुङले माओ त्सेतुङ विचारधाराप्रति गरिने अवास्तविक उल्लेखहरूलाई विरोध गर्दै जानुभयो, जसलाई उहाँले पार्टी र जनताको सामूहिक सङ्घर्षहरूको फल हो भन्दै जानुभयो।"

माओ त्सेतुङका यी विचारहरूलाई ये चिईलेङले जनवादी गणतन्त्र चीनको स्थापनाको ३० औं वर्ष समारोहको बैठकमा प्रस्ट पारिदिनुभएको थियो - माओ त्सेतुङ विचारधारा माओ त्सेतुङको व्यक्तिगत बुद्धको मात्रै फल होइन, यो उहाँको सहयोद्धाहरू, पार्टी र क्रान्तिकारी जनताको बुद्धिको फल हो र उहाँले एकचोटि भन्नुभएजस्तै यो पार्टी र जनताको सामूहिक सङ्घर्षहरूबाट बढेको हो।

हाम्रो लेखा विभागमा राखिएको माओ त्सेतुङका लेखोटहरूबाट हामीले के पायौं भने १९४८ अगष्ट महिनामा देशव्यापी मुक्तिको अवसरमा विजयको खुशीयालीमा, उ युचङले माओ त्सेतुङ विचारधाराप्रतिको आस्थास्वरूप उत्तरी चीन विश्वविद्यालयको उद्‌घाटन भाषणमा माओ त्सेतुङ विचारधारालाई माओ त्सेतुङवादमा फेर्ने विचार गर्नुभएको थियो। माओ त्सेतुङलाई एक तार पठाउँदै उहाँले यसबारे निर्देशनहरू मागे र जवाफ यस्तो थियो - यो अभिव्यक्ति सबभन्दा अनुपयुक्त छ। माओ त्सेतुङवाद भन्ने कुनै वस्तु छैन। यो विषय खास गरेर माओ त्सेतुङवादका अध्ययन गर्ने कुरा नभई मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनका सिद्धान्तहरू र चिनियाँ क्रान्तिको अनुभवलाई अध्ययन गर्न, विद्यार्थीहरूलाई अध्ययन गर्न आह्वान गर्न जरुरी हुँदै छ। यहाँ उल्लेखित चिनियाँ क्रान्तिका अनुभवमा मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनको सिद्धान्तहरूमा आधारित (माओ त्सेतुङ) चिनियाँ कम्युनिस्टहरूले लेखेका पुस्तिकाहरू र पार्टी केन्द्रीय समितिको सिद्धान्त र नीतिलाई बताउने केही कागतपत्रहरू समावेश छन्।

लिन प्याओ र चार जनाको गुटले अर्कै उद्देश्य राखेर आफूलाई देवताजस्तो तारिफ गर्ने कोसिसजस्ता गतिविधिबाट माओ त्सेतुङ साह्रै असन्तुष्ट हुनुहुन्थ्यो। माओ त्सेतुङ विचारधारालाई बयान गर्न 'सर्वोच्च' 'सबभन्दा रचनात्मक ढङ्ग' र 'विकासको सर्वोच्च चुली' जस्ता अवैज्ञानिक अभिव्यक्तिहरू जोड्ने कुरालाई उहाँ मन पराउनुहुन्नथ्यो र विरोध गर्नुहुन्थ्यो। २५ जुलाई १९६६ को दिन माओ त्सेतुङले कागज पत्रमा तलको टिपोट लेख्नुभयो - 'कृपया ध्यान दिनुस् र अबदेखि सर्वोच्च सबभन्दा रचनात्मक ढङ्गले ... ' 'विकासको सर्वोच्च चुली' र सबभन्दा माथिल्ला निर्देशन' जस्ता भाषाहरूलाई रोक्नुहोला। ८ जनवरी १९६८ को दिन बाहिर पठाउने समाचारको पाठलाई जाँच्नु हुँदा माओ त्सेतुङले तलका दुई हरफहरूमा गाढा पङ्क्तिले काट्नुभएको थियो, "माओका शब्दहरू सबभन्दा उँचो स्तरका, सबभन्दा शक्तिशाली हुन्छन्, उहाँको हरेक वाक्य सत्य छ र एउटा सिङ्गो वाक्य दस हजार वाक्यको बराबर छ। माओले बोल्नुभएको वा लेख्नुभएको हरेक वाक्य सत्य हो र एक सिङ्गो वाक्य दस हजार वाक्यको बराबर छ।"

हाम्रा कार्यकर्ताहरूमध्ये साह्रै कम तिनीहरू आफूलाई सही पक्षका भन्ने सोच्छन्। यसको एउटा कारण हो, तिनीहरू मार्क्सवादी सिद्धान्तको ज्ञानलाई बुझ्दैनन्। यसकारण, ठुलो धैर्यले त्यस्ता ... प्रचार गर्नु आवश्यक छ।

आफ्नो क्रान्तिकारी व्यवहारको लामो वर्षमा माओ त्सेतुङ मार्क्सवादी सिद्धान्तको ज्ञानलाई प्रचार गर्ने ठुलो आवश्यकतासँग सम्बन्धित हुनुहुन्थ्यो। सन् १९३७ मा उहाँले येनानको जापानविरोधी सैनिक, राजनैतिक कलेजमा प्रवचन दिइरहनु हुँदा उहाँले लिनुभएका विषयहरूमध्ये एउटा व्यवहारबारे थियो। येनानमा सुधार आन्दोलन चलिरहँदा अध्ययनको निम्ति कागजपत्रहरूको एक सङ्गालो थियो, जसमा माओ त्सेतुङले लेख्नुभएका धेरै महत्त्वपूर्ण लेखहरू समावेश थिए। तिनीहरू हुन् - हाम्रो अध्ययनलाई सुधार पार्टीको कामको तरिकामा सुधार गर। पुरानो ढङ्गले पार्टी लेखनलाई विरोध गर, साहित्य र कलाबारे येनान गोष्ठीमा प्रवचन र नेतृत्वको शैलीसम्बन्धी केही प्रश्नहरू। यी रचनाहरू २२ अप्रिल १९४३ को दिन फङलाई माओ त्सेतुङको पत्रमा उल्लेखित 'सुधार र आन्दोलनका केही कागजपत्रहरू' हुन्। यस लेखमा उल्लेख गरिएको छ।

यी रचनाहरूमा माओ त्सेतुङले सिद्धान्तको ज्ञानसम्बन्धी प्रश्नहरूलाई स्पष्ट गर्न ध्यान दिनुभयो। द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तलाई प्रयोग गरेर हरेक कुरालाई वास्तविकताबाट हाम्रो पार्टीको सैद्धान्तिक नीति निश्चित गर्न तथ्यहरूबाट सत्य खोज्न र सिद्धान्तलाई वास्तविकतासँगै गास्न उहाँले आश्चर्यजनक रूपले प्रस्ट गरिदिनुभयो। यो पनि द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको सैद्धान्तिक निर्देशन, माओ त्सेतुङ विचारधाराको सही सार हो।

सिद्धान्तलाई व्यवहारसँग मिलाउने कुरा माओ त्सेतुङले अगुवाइ गर्नुभएको हाम्रो पार्टीको काम गर्ने तीन मुख्य शैलीमध्ये एक हो। मार्क्सवाद - लेनिनवाद र माओ त्सेतुङ विचारधारा अध्ययन गर्दा हामीले त्यसलाई बुझ्नुपर्दछ र त्यसलाई व्यापक ढङ्गले र ठीकसित लागू गर्नुपर्छ। हामीले त्यसका अडान, दृष्टिकोण र तरिकाहरू सिक्नुपर्छ र तिनीहरूलाई हाम्रो क्रान्ति र निर्माण, सैद्धान्तिक र काम गराइका समस्याहरूलाई सुल्झाउनमा प्रयोग गर्नुपर्छ र मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओ त्सेतुङका रचनाहरूबाट कण्ठ गरिएका हरफहरूलाई भट्याउनु हुन्न।

डिसेम्बर १९६० मा सैनिक कमिसनको लामो बैठकको 'सेनाको राजनैतिक र सैद्धान्तिक कार्यलाई बलियो बनाउने प्रस्ताव' मा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको टिप्पणी पढ्नु हुँदा र मूल हस्तलिपिलाई जाँच्नु हुँदा माओ त्सेतुङले त्यसमा एक साह्रै महत्त्वपूर्ण हरफ जोड्नुभयो - केही शैक्षिक पृष्ठभूमि रहेका सशस्त्र सेनाका कार्यकर्ताहरूले मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनका मौलिक रचनाहरू अध्ययन गर्नुपर्छ। अध्ययनको तरिका भने हाम्रो कार्यको आवश्यकताअनुसार अध्ययन गर्ने खालको हुनुपर्छ, त्यसको अर्थ हो चिनियाँ र अन्तर्राष्ट्रिय समस्याहरू सुल्झाउने उद्देश्यले मार्क्स, लेनिन र स्तालिनलाई सहायता लिनुपर्छ न कि अध्ययन अध्ययनकै निम्ति होस् अथवा किताबको कीराजस्तै पढ्न। बरु, मार्क्सवाद-लेनिनवादको सार बुझ्नको निम्ति पढ्नुपर्छ। माओ त्सेतुङका रचनाहरू पढ्ने तरिकामा पनि त्यही अपनाउनुपर्छ।

सही विचार कहाँबाट आउँछ भन्ने रचना मार्क्सवाद-लेनिनवादका जाज्वल्यमान विचारहरू चम्केको एक रचना हो। २ हजारभन्दा पनि कम शब्दहरू भएको त्यस सानो निबन्धले मार्क्सवाद-लेनिनवादी सैद्धान्तिक ज्ञानलाई गम्भीर रूपमा अगाडि ल्याउँछ। यो मूल रूपमा १९६३ मईमा अध्यक्ष माओले हाम्रो वर्तमान गाउँले इलाकाको काममा केही समस्यामाथि चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको खेस्रा



निर्णयमा एक नोट लेख्नुभएको थियो। त्यस कागतपत्रको चौथो हस्तलिपिमा अहिले हामीहरूले के भेट्टायौं भने माओ त्सेतुङले एक खास पङ्क्ति थप्नुभएको थियो - सत्यलाई जाँच्ने अर्को उपाय छैन।

२५ सेप्टेम्बर १९६४ को दिन माओ त्सेतुङले केन्द्रीय समितिको एक जिम्मेवार साथीद्वारा खेस्रा गरिएको एक कागत-पत्रमा एक साह्रै महत्त्वपूर्ण टिपोट लेख्नुभयो - हाम्रा कार्यकर्ताहरूमध्ये साह्रै कम आफूलाई नै ठीक छन् भन्ने सम्झन्छन्। यसको कारण के हो भने तिनीहरू मार्क्सवादी सिद्धान्तको ज्ञानलाई बुझ्दैनन्। यसकारण, मार्क्सवादी सिद्धान्तको ज्ञानलाई ठुलो धैर्यपूर्वक प्रचार गर्नु आवश्यक छ। यसलाई सजिलोसित भन्ने हो भने, यसको अर्थ हो जनसमुदायबाट जनसमुदायमा तल जान र एक खास ठाउँमा बस्न तिनीहरूले आफ्नो मनलाई बलियो पार र तिमीहरूले जनसमुदायका आवाजलाई सुन्न सक्नेछौ, व्यवहारबाट वास्तविक सत्यलाई विस्तारै बुझ्नेछौ। त्यसलाई मानसिक सत्य बनाऊ र तब यसले काम गर्छ कि गर्दैन भनेर हेर्न फेरि व्यवहारमा लैजाऊ। भएन भने फेरि एकचोटि व्यवहारमा जनसमुदायसँग गएर छलफल गर्नुपर्ने हुन्छ। यसप्रकार बनिबनाउ कुराको समस्या अथवा कोरा सिद्धान्तवादको समस्यालाई सुल्झाउन सकिने छ र अनि अन्धविश्वास रहनेछैन। यसरी काम गरिएन भने जति उँचो ओहदाको हाकिम हुन्छ उति उति कम सच्चाइ हुन्छ। यही कुरा माथिल्ला हाकिमहरूलाई लागू हुन्छ र तल्ला हाकिमहरूलाई पनि यही कुरा लागू हुन्छ।

त्यसको लगत्तै १८ अक्टोबर १९६४ को दिन माओ त्सेतुङले त्यस टिपोटमा अर्को हरफ थप्नुभयो - भौतिक सत्यलाई जान्नु भन्नुको हाम्रो अर्थ हो - व्यवहारले मानिसको वस्तु र बाहिरी भौतिक संसारको सारलाई प्रतिबिम्बित पार्नु, जो पछि क्रमिक र ठुलठुला परिवर्तनहरूबाट यो मानसिक सत्यमा भएको क्रमिक हेरफेरहरूमा वास्तविक भौतिक सच्चाइ (अर्थात् नियम) प्रतिबिम्बित भएको छ वा छैन भनेर जान्न चाहन्छौ भने हामी फेरि व्यवहारमा गएर यसले काम गर्छ वा गर्दैन भनेर हेर्नु आवश्यक छ।

माओ त्सेतुङको टिपोटले एकचोटि फेरि बढी धैर्यपूर्वक मार्क्सवादी सिद्धान्तको ज्ञानलाई प्रचार गर्नु आवश्यक छ भन्ने जोड दियो। यसले एकचोटि फेरि जनसमुदायबाट आउने, जनसमुदायमा जाने, व्यवहारबाट सत्यलाई जान्ने र व्यवहारबाटै सत्यलाई जाँच्ने सिद्धान्त बुझ्न सजिलो बाटोलाई व्याख्या गर्‍यो। यसले हाम्रा केही साथीहरूमा भएको 'बनाइएका नियमहरू', 'कोरा सिद्धान्तहरू' र 'अन्धविश्वास' लाई हटाई आवश्यकतालाई अगाडि बढायो। सूक्ष्म परीक्षणबाट के देखाउँछ भने मार्क्सवादी सिद्धान्तको ज्ञानबाट टाढा गएपछि उँचो दर्जाका हाकिमहरू कम सच्चाइमा हुन्छन्।

दस वर्षमा लिन प्याओ र चार जनाको गुटले ठुलो आतङ्क मच्चाउँदा माओ त्सतुङले हुर्काउनुभएका र लामो समयको सङ्घर्षबाट बनाउनुभएका हाम्रो पार्टीका परम्पराहरू, तथ्यबाट सच्चाइ खोज्ने र जननीतिको परम्परालाई जथाभावी कुल्चिदिए। त्यसको परिणाम अनियन्त्रित आदर्शवाद र अध्यात्मवाद थियो, पार्टीलाई कहिले नभएको जस्तो नोक्सान भयो र देश र जनताले ठुलो आपत्ति भोग्नुपर्‍यो। यो हो - हामीले कहिले बिर्सन नहुने कष्टपूर्ण शिक्षा।

***स्रोत : लर्को, २०५७ असोज***

# झूटको खेती गर्दै साम्राज्यवाद

संरा अमेरिकी ट्रम्प सरकारको आड प्राप्त भेनेजुयलाका अवैध 'अन्तरिम राष्ट्रपति' ह्वान ग्वाइडोले २०७६ वैशाख १७ गते मङ्गलबार निकै अभद्र नाटक मञ्चन गरे। कोरलोटा हवाई सैनिक अड्डाका केही सिपाहींले विद्रोह गरी आफूलाई समर्थन गरेको भनी उनले नक्कली समाचार सम्प्रेषण गरी भेनेजुयाली जनता र संसारलाई भ्रममा पार्ने प्रयास गरे। तर, ग्वाइडोको यो प्रयास केही घण्टा पनि टिकेन। माडुरो सरकारविरूद्ध सम्भावित हमलाको प्रतिरोध गर्न भेनेजुयाली सरकारको आह्वानमा जनता सडकमा उत्रे। सेना, कर्मचारी र राजनीतिक नेतृत्वले माडुरोप्रति आफ्नो समर्थन अझ बलियो भएको र कुनै पनि हमलाको कडा प्रतिरोध गर्ने प्रतिबद्धता व्यक्त गरे।

केही पश्चिमा सञ्चारमाध्यमले केही सीमित सरकारविरोधी मानिसको भीडका तस्वीर र दृश्य देखाएर माडुरो सरकारको पक्षमा जनता नभएको देखाउने असफल प्रयास गरे। उनीहरूले माडुरो सरकारको बचाउमा मिराफ्लोर्स राष्ट्रपति भवनअघि उत्रेका लाखौं जनतालाई भने प्रकाशमा ल्याएनन्। पुँजीवादी सञ्चारमाध्यमले ग्वाइडोको भ्रमपूर्ण समाचारको खण्डन गर्नुको सट्टा 'माडुरो भाग्न खोजेको' जस्ता झूटा प्रचार गरे। संरा अमेरिकी विदेश सचिव माइक पम्पेओले पनि यस्तै झूटको खेती गर्ने प्रयास गरे। तर, संसारले केही समयपछि नै भेनेजुयलाका सबै सेना माडुरो सरकार, भेनेजुयाली संविधान र सार्वभौमिकताको पक्षमा उभिएको वास्तविकता थाहा पाए। भेनेजुयलामा जनताले चुनेको निर्वाचित माडुरो सरकारलाई बदनाम गर्ने साम्राज्यवादी प्रयास फेरि एकपटक असफल मात्र भएको छैन, बरू साम्राज्यवाद र झूटको खेती गर्ने सञ्चारमाध्यम आफैं नाङ्गिए।

भेनेजुयलामा साम्राज्यवादले लामो समयदेखि राजनीतिक अस्थिरता थोपरेर कब्जा जमाउने प्रयास गरिरहेको छ। ल्याटिन अमेरिका र क्यारिबियाली क्षेत्रलाई आफ्नो 'करेसाबारी' मान्ने संरा अमेरिकी शासकवर्गको मुनरो सिद्धान्तअनुसार यतिबेला ट्रम्प सरकारले भेनेजुयला, क्युवा, निकारागुआलगायत साम्राज्यवादविरोधी देशमाथि एकपछि अर्को नाकाबन्दी थोपरिरहेको छ। संरा अमेरिका ल्याटिन अमेरिकी देशका प्राकृतिक स्रोत-साधनमाथि कब्जामात्र जमाउन खोजिरहेको छैन, बरू कुनै पनि अरू देशलाई ल्याटिन अमेरिकामा पस्न निषेध गर्न खोजिरहेको छ। त्यसको निम्ति ट्रम्प सरकारले क्युवा र निकारागुआजस्ता साम्राज्यवादविरोधी मोर्चालाई कमजोर र छिन्नभिन्न बनाउन अनेकन प्रपञ्च रचिरहेको छ। साथै ब्राजिललगायतका देशको सत्तामा अति दक्षिणपन्थी शक्ति ल्याएर वामपन्थी शक्तिलाई दुःख दिइरहेको छ।

ल्याटिन अमेरिकी साम्राज्यवादविरोधी देशहरूको सबभन्दा ठुलो शक्ति भनेको त्यहाँका साम्राज्यवादविरोधी क्रान्तिकारी जनता हुन्। क्युवा, निकारागुआ र भेनेजुयलाका नेतृत्वमाथि विगतमा पनि पटक-पटक हमला भएका थिए। त्यस्ता हरेक हमलाबाट साम्राज्यवादविरोधी नेतृत्वको रक्षा गर्ने काम त्यहाँका जनताले गर्दै आएका छन्। देशमा सङ्कटको स्रोत संरा अमेरिकी साम्राज्यवाद नै हो। यस्तो सङ्कटको समयमा भेनेजुयाली जनताले हजारौं प्रतिकूलताको सामना गरिरहेका छन्। तथापि उनीहरू साम्राज्यवादसामु झुक्न तयार छैनन्। उनीहरू आफ्नो दैनिक जीवनमा आइपरेका केही प्रतिकूलताको समाधान गर्न देशको सार्वभौमिकता बेच्न तयार छैनन्। तिनै क्रान्तिकारी जनता आफूले चुनेको राजनीतिक नेतृत्वको रक्षामा आज पनि काराकसका सडकमा उत्रेका छन्। भेनेजुयलामा साम्राज्यवादी हस्तक्षेपको विरोधमा २०७६ वैशाख १८ गते (मे १) बुधबार संसारभरका जनताले साम्राज्यवादको विरोध गरे। बुधबारको मे दिवसको अवसरमा आयोजित क्रान्तिकारी जनताको जुलुसमा श्रमिक जनताले माडुरो सरकारको पक्षमा आवाज उठाए। संसारभरका यिनै जनताको शक्तिशाली आवाज नै साम्राज्यवादविरूद्ध लड्ने सबभन्दा प्रभावशाली हतियार हो। भेनेजुयाली जनताको पक्षमा ऐक्यबद्धता विश्वका न्यायप्रेमी जनताको अन्तर्राष्ट्रिय कर्तव्य हो।

***(२०७६ वैशाख १९)***

# चिनियाँ राष्ट्राध्यक्ष सी चीनफिङद्वारा सन् २०२६ नयाँ वर्षको शुभकामना सम्बोधन

पेइचिङ, १ जनवरी (सीआरआई) । सन् २०२६ को पूर्वसन्ध्यामा चिनियाँ राष्ट्राध्यक्ष सी चीनफिङले पेइचिङमा चाइना मिडिया ग्रुपमार्फत नयाँ वर्षको सम्बोधन गर्दै सबैमा शुभकामना व्यक्त गर्नुभयो ।



सन् २०२५ चीनको १४ औँ पञ्चवर्षीय योजनाको समापन वर्ष हो । सी चीनफिङले सर्वप्रथम विगत पाँच वर्षको असाधारण यात्राको सारांश प्रस्तुत गर्दै लक्ष्य र कार्यहरू सफलतापूर्वक पूरा भएको र चिनियाँ शैलीको आधुनिकीकरणको नयाँ यात्रामा स्थिर कदम चालिएको व्यक्त गर्नुका साथै प्रत्येक मेहनती व्यक्तिप्रति सलाम अर्पण गर्नुभयो ।

सी चीनफिङले सन् २०२५ मा चीनमा भएका अविस्मरणीय घटनाहरू र उत्कृष्ट उपलब्धिहरूको समीक्षा गर्नुभयो, जापानी आक्रामकताविरुद्धको चिनियाँ जनप्रतिरोध युद्ध र विश्व फासिस्टविरोधी युद्धविजयको ८० औँ वार्षिकोत्सवको भव्य स्मृति, एक भव्य राष्ट्रिय उत्सव; नवप्रवर्तन र सिर्जनाले नयाँ उत्पादक शक्तिहरूलाई उत्प्रेरित गरेको छ, उच्च-गुणस्तरको विकासलाई सशक्त बनाएको छ, चीनको कुल आर्थिक उत्पादन १४० ट्रिलियन युआन पुग्ने अपेक्षा गरिएको छ; सांस्कृतिक र सङ्ग्रहालयको उछाल र अमूर्त सांस्कृतिक सम्पदाको क्रेज बढ्दै गइरहेको छ, सांस्कृतिक पर्यटन बजार फस्टाउँदै छ, परम्परा र आधुनिकताको मिश्रण छ र संस्कृतिले आध्यात्मिक घरलाई पोषण दिन्छ; मानिसहरूले संयुक्त रूपमा राम्रो जीवन सिर्जना गरेका छन् र साझा गरेका गर्छन्, प्रत्येक जीवन्त 'सानो परिवार' ले चीनको समृद्ध 'ठुलो परिवार' बनाउँछ । आफ्नो नयाँ वर्षको सम्बोधनमा सी चीनफिङले बलियो पार्टीले बलियो राष्ट्र कायम राख्ने कुरामा जोड दिँदै सन् २०२५ मा चीनको कम्युनिस्ट पार्टीले आफ्नो आत्म-क्रान्ति जारी राख्यो र पार्टीको आचरण र राजनीतिक वातावरणमा सुधार हुँदै गयो भनेर उल्लेख गर्नुभएको छ ।

विश्वव्यापी विकास, सुरक्षा र सभ्यतामा आफ्नो पहलहरू पछ्याउँदै सी चीनफिङले सन् २०२५ मा थप समतामूलक विश्वव्यापी शासन प्रणालीको निर्माणलाई प्रवर्द्धन गर्न विश्वव्यापी शासन पहल प्रस्ताव गर्नुभएको छ । आफ्नो सम्बोधनमा सी चीनफिङले परिवर्तन र अशान्तिले भरिएको संसारको सामना गर्दै चीन सधैँ इतिहासको सही पक्षमा उभिएको र विश्व शान्ति र विकासलाई प्रवर्द्धन गर्न र मानव जातिको लागि साझा भविष्य भएको समुदाय निर्माण गर्न सबै देशहरूसँग काम गर्न इच्छुक रहेको औँल्याउनुभएको छ ।

सन् २०२६ लाई हेर्दै सी चीनफिङले चीनले उच्च-गुणस्तरीय विकासलाई निरन्तर अगाडि बढाउने, सबै पक्षमा सुधार र खुलापनलाई अझ गहिरो बनाउने, सबै मानिसहरूको लागि साझा समृद्धिलाई प्रवर्द्धन गर्ने र चिनियाँ चमत्कारमा नयाँ अध्याय लेख्ने बताउनुभएको छ ।

अन्त्यमा, सी चीनफिङले विश्वका मानिसहरूलाई शुभकामना दिनुभएको छ कि सबैको जीवनमा खुसीयाली छाओस्, कार्य सफलता र मनका इच्छा पूरा होऊन् ।

**राष्ट्राध्यक्ष सी चीनफिङको नयाँ वर्ष शुभकामनाबाट अन्तर्राष्ट्रिय समुदायबाट उत्साहजनक प्रतिक्रिया**

धेरै देशका मानिसहरूले राष्ट्राध्यक्ष सी चीनफिङको नयाँ वर्षको शुभकामनाले चीनको विकासमा विश्वास र शक्ति देखाएको र आर्थिक तथा सामाजिक विकासमा चीनले हासिल गरेका महान् उपलब्धिहरूको प्रशंसा गरेको बताएका छन् ।

ब्राजिलको चीन अध्ययन केन्द्रका निर्देशक रोनी लिन्सले राष्ट्राध्यक्ष सी चीनफिङको नयाँ वर्ष शुभकामना धेरै प्रेरणादायी रहेको भन्दै सन्देशले राष्ट्रको महान् लक्ष्यहरूलाई व्यक्तिगत र पारिवारिक जीवनसँग धेरै जीवन्त तरिकाले जोडेको व्यक्त गर्नुभयो ।

क्यानडाको ट्रिनिटी वेस्टर्न युनिभर्सिटीका उपप्रमुख फिलिप लेयर्डले राष्ट्राध्यक्ष सी चीनफिङको नयाँ वर्ष शुभकामनाले चीनको आत्मविश्वास, लचिलोपन र दीर्घकालीन रणनीतिक दृष्टिकोणलाई प्रतिबिम्बित गर्ने शक्तिशाली र अग्रगामी सन्देश दिएको उल्लेख गर्नुभयो ।

चीनका लागि चिलीका पूर्वराजदूत जर्ज हेइन्ले भन्नुभयो, "चीनले नवप्रवर्तन र प्रमुख उच्च-प्रविधि क्षेत्रमा आफ्नो लगानी निरन्तर बढाइरहेको छ । एक धेरै प्रतिनिधि तथ्याङ्क के हो भने चीनको अनुसन्धान र विकास लगानी कुल गार्हस्थ उत्पादनको ३ प्रतिशत नजिक पुगेको छ ।" राष्ट्राध्यक्ष सी चीनफिङले भन्नुभएको "नवप्रवर्तन र सिर्जनाले नयाँ-गुणस्तरको उत्पादक शक्तिलाई जन्म दिएको छ" यही हो, जुन चिनियाँ अर्थतन्त्रको लागि महत्त्वपूर्ण छ ।

# सन् २०२६ लाई आतशबाजीसँगै स्वागत

न्युयोर्क, १ जनवरी (एएफपी) । विश्वभरका मानिसहरूले एक अस्थिर वर्षलाई बिदाई दिँदै बिहीबार सन् २०२६ को सुरुआत उत्साह र आतशबाजीका साथ मनाएका छन् । सन् २०२५ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वव्यापी व्यापार प्रवर्द्धन गर्नुभयो, युक्रेनमा क्रूर द्वन्द्व भड्कियो र तापमान बढ्दै गयो ।

विनाशकारी गाजामा नाजुक युद्धविराम भए पनि सुडानमा हिंसा निरन्तर रह्यो । भ्याटिकनमा नयाँ अमेरिकी पोप स्थापित भए, विश्वले अग्रगामी प्राणीशास्त्री जेन गुडअललाई गुमायो र लाबुबु पुतलीहरूले विश्वव्यापी चिन्ता र उत्सुकता सिर्जना गर्‍यो ।

सिड्नीमा मध्यरातको आतशबाजी अघि बोन्डी बिचमा सामूहिक गोलीबारीका पीडितहरूको सम्झनामा एक मिनेट मौन धारण गरियो । ३० वर्षको सबैभन्दा घातक सामूहिक गोलीबारीपछि तटरेखामा भारी सुरक्षा व्यवस्था गरियो र सिड्नी हार्बर ब्रिजलाई शान्तिको प्रतीकका रूपमा सेतो प्रकाशमा नुहाइएको थियो ।

प्रशान्तका राष्ट्रहरू, सियोल र टोकियोले सिड्नीको उत्सवलाई प्रत्यक्ष र अनलाइनमार्फत मनाए । हङकङमा नोभेम्बरको आगलागीमा मारिएका १६१ जनाको सम्मानमा मुख्य आतशबाजी रद्द गरिएको थियो ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुससँगको लडाइँ अन्त्य गर्ने सम्झौताबाट अझै १० प्रतिशत टाढा रहेको बताउनुभयो । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले नयाँ वर्षको सम्बोधनमार्फत देशवासीलाई दोस्रो विश्वयुद्धपछिको युरोपको सबैभन्दा घातक द्वन्द्वमा विजय दिलाउने विश्वास व्यक्त गर्नुभयो ।

युक्रेनी सहर विश्गोरोडमा ब्युटी सलुनकी प्रबन्धक डारिया लुस्चिकले युद्धले उहाँको कामलाई कठिन बनाएको तर ग्राहकहरू अझै पनि आइरहेको बताउनुभयो । "हाम्रा केटीहरू भित्र आउन र आफूलाई ग्लैम बनाउनबाट कुनै पनि कुराले रोक्न सक्दैन," उहाँले भन्नुभयो ।

ट्रम्प जनवरीमा राष्ट्रपति बने, कर वृद्धि सुरु गरे जसले विश्वव्यापी व्यापार र शेयर बजारलाई असर गर्‍यो । उनले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग पाँच बैठक गरे र मार-ए-लागोमा भव्य समारोहमा आतिथ्य दिए । अक्टोबरमा ट्रम्पको दबाबमा इजरायल र हमासबिच नाजुक युद्धविराम भयो ।

सिरियामा आन्तरिक चुनौती हुँदाहुँदै पनि जनता आशावादी देखिए । दमास्कसका बासिन्दाहरूले बशर अल-असदको पतनपछि नयाँ वर्ष मनाए । मार्केटिङ प्रबन्धक सहर अल-सइदले भन्नुभयो, "जनता खुसी छन्, सबै एकजुट छन् र भगवानले चाहे यो वर्ष राम्रो हुनेछ ।"

दुबईको बुर्ज खलिफामा भव्य आतशबाजी र लेजर प्रदर्शनका लागि हजारौँ दर्शक लाइनमा उभिए । रियो डी जेनेरियोको कोपाकाबाना समुद्र तटमा २५ लाखभन्दा बढी मानिस सहभागी भए । अमेरिका, बुल्गेरिया र एडिनबर्गका सहरमा पनि उत्सव र मनोरञ्जन चल्यो । न्युयोर्कमा टाइम्स स्क्वायरमा परम्परागत बल ड्रपका लागि हजारौँ मानिस भेला भए । नजिकै सिटी हलमा जोहरान ममदानीले मुस्लिम मेयरका रूपमा शपथ लिनुभयो ।

आउँदो वर्ष खेलकुद, अन्तरिक्ष र एआईमा चुनौती र उत्साहका वर्षको रूपमा रहनु अपेक्षित छ । फेब्रुअरीमा इटालीमा शीतकालीन ओलम्पिक, मध्यवर्षमा अमेरिका, मेक्सिको र क्यानाडामा फुटबल विश्वकप र नासाले चन्द्रमामा १० दिनको परिक्रमा गर्ने योजना बनाइरहेको छ । वर्षौंको उत्साहपछि एआईले बजारमा अनिश्चितता सिर्जना गरिरहेको छ ।

## विश्व सङ्क्षेप

### सन् २०२५ मा १२८ पत्रकारको हत्या

ब्रसेल्स, १ जनवरी (एएफपी) । सन् २०२५ मा विश्वभर कुल १२८ जना पत्रकारको हत्या भएको अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आईएफजे) ले बिहीबार जनाएको छ । तीमध्ये आधाभन्दा बढी मध्यपूर्वमा भएको हो ।

आईएफजेका महासचिव एन्थोनी बेलाङ्गरले भन्नुभयो, "सन् २०२४ भन्दा बढेको यो सङ्ख्या केवल तथ्याङ्क मात्र होइन, यो हाम्रा सहकर्मीहरूका लागि विश्वव्यापी रेड अलर्ट हो ।" प्रेस समूहले विशेष चिन्ता व्यक्त गर्दै प्यालेस्टिनी क्षेत्रहरूमा गाजामा हमास र इजरायलबिचको द्वन्द्वका क्रममा ५६ जना मिडिया पेशेवर मारिएका तथ्य प्रकाशमा ल्यायो ।

बेलाङ्गरले भन्नुभयो, "हामीले यस्तो कहिल्यै देखेका छैनौँ : यति छोटो समयमा, यति सानो क्षेत्रमा यति धेरै मृत्यु ।" यमन, युक्रेन, सुडान, पेरु, भारत र अन्य स्थानमा पनि पत्रकारहरूको हत्या भएको थियो । उहाँले आक्रमणको पछाडि रहेका व्यक्तिहरूलाई 'दण्डहीनता' को चेतावनी दिँदै निन्दा गर्नुभयो । "न्यायबिना, यसले पत्रकारका हत्याराहरूलाई फस्टाउन दिन्छ," उहाँले भन्नुभयो ।

विश्वभर हाल ५३३ पत्रकार जेलमा रहेको आईएफजेले बताएको छ । यो विगत आधा दशकमा दोब्बरभन्दा बढी भएको तथ्य हो । हङकङमा १४३ जना पत्रकारलाई जेलमा राखिएको छ, जहाँ अधिकारीहरूले असहमतिलाई खारेज गर्दै राष्ट्रिय सुरक्षा कानुन लागू गरेका थिए । पश्चिमी राष्ट्रहरूले यसलाई आलोचना गर्दै हङकङलाई सबैभन्दा खराब जेलरको सूचीमा शीर्ष स्थान दिएको छ ।

आईएफजेको तथ्याङ्क रिपोर्टर्स विदाउट बोर्डर्सको तुलनामा बढी देखिन्छ । यस वर्षको आईएफजे टोलमा नौ दुर्घटनामा मृत्यु भएका पत्रकारहरू पनि समावेश छन् । रिपोर्टर्स विदाउट बोर्डर्सले ६७ जना पत्रकारको हत्या रिपोर्ट गरेको छ भने युनेस्कोले ९३ जना राखेको छ ।

### सन् २०२५ मा २८ लाख अफगानिस्तान शरणार्थी स्वदेश फिर्ता : अधिकारी

काबुल, १ जनवरी (सिन्ह्वा) । सन् २०२५ मा करिब २८ लाख अफगानी शरणार्थी मातृभूमि अफगानिस्तानमा फर्केको अधिकारीहरूले जनाएका छन् ।

अफगानिस्तानको रेडियो तथा टेलिभिजन (आरटीए) ले अफगान अधिकारी अब्दुल रहमान हबीबलाई उद्धृत गर्दै एक वर्षमा लगभग २८ लाख शरणार्थी घर फर्केको उल्लेख गर्दै अर्थतन्त्र र भविष्यमा थप आर्थिक स्थिरताको डर बढेको जनाएका छन् । हबीबले अफगान शरणार्थीहरूको फिर्ती पछिको थप विवरण भने पेस गर्नुभएको छैन ।

यद्यपि, हबीबले अफगान सरकारले राष्ट्रिय अर्थतन्त्रलाई स्थिर बनाउन, रोजगारीका अवसरहरू सिर्जना गरी गरिबी निवारण गर्न स्थानीय उत्पादनहरू बढाउन निजी क्षेत्र, विदेशी लगानीलाई सहयोग गर्न र प्रमुख विकास परियोजनाहरू कार्यान्वयन जारी राख्ने प्रयास गरिरहनुभएको उल्लेख गर्नुभएको छ ।

लाखौँ अफगान शरणार्थीहरू विगत चार दशकभन्दा बढी समयदेखि युद्ध र अशान्तिबाट बच्न छिमेकी पाकिस्तान र इरानलगायतका देशमा बसिरहेका थिए ।

### युक्रेनको खेरसन क्षेत्रमा भएको ड्रोन आक्रमणमा २४ जनाको मृत्यु, ५० घाइते

मस्को, १ जनवरी (सिन्ह्वा) । युक्रेनको खेरसन क्षेत्रमा बुधबार राति खेरसन क्षत्रको क्याफे र होटलहरूलाई लक्षित गरी भएको ड्रोन आक्रमणमा कम्तिमा २४ जनाको मृत्यु हुनुका साथै ५० भन्दा बढी घाइते भएको स्थानीय अधिकारीहरूले बताएका छन् । खेरसन क्षेत्रका प्रमुख भ्लादिमिर साल्डोले टेलिग्राममा ठुलो सङ्ख्यामा नागरिकहरू नयाँ वर्ष मनाउन भेला भइरहेको अवस्थामा आक्रमण हुँदा धेरै जनधनको क्षेति जनाउनुभएको छ । साल्डोले आक्रमणमा धेरै मानिसहरू जिउँदै जलेको बताउँदै एउटा ड्रोनले हानिकारक मिश्रण खनाएर घटनास्थलमा ठुलो आगलागी निम्त्याएपछि बिहीबार मात्रै अग्नि नियन्त्रकहरूले आगो पूर्ण रूपमा निभाउन सफल भएको पुष्टि गर्नुभएको छ ।

डाक्टरहरू अहिले घाइतेहरूको ज्यान बचाउन प्रयास गरिरहेको बताउँदै उहाँले क्षेत्रीय अधिकारीहरूले पीडित र मृतकहरूका परिवारलाई सबै आवश्यक सहयोग प्रदान गर्ने तैनाथ गरिएको बताउनुभयो ।

# संरा अमेरिकाद्वारा भेनेजुयलाको तेल क्षेत्रमा नयाँ प्रतिबन्ध

वासिङ्टन, १ जनवरी (एएनआई) । संयुक्त राज्य अमेरिकाले भेनेजुयलाको तेल क्षेत्रमा नयाँ प्रतिबन्ध घोषणा गरेको छ । अमेरिकी अर्थ मन्त्रालयले बुधबार (स्थानीय समय) भेनेजुयलाको तेल कारोबारमा संलग्न चार कम्पनीमाथि प्रतिबन्ध लगाउनुका साथै चार वटा तेल ट्याङ्करलाई अवरुद्ध सम्पत्तिका रूपमा सूचीकृत गरेको हो ।

मन्त्रालयले जारी गरेको आधिकारिक विज्ञप्तिअनुसार यी प्रतिबन्धहरू भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोमाथि दबाब बढाउने राष्ट्रपति डोनाल्ड ट्रम्पको पछिल्लो प्रयासको हिस्सा हुन् । भेनेजुयलाको तेल ओसारपसारमा संलग्न रहेको आरोपमा ती कम्पनी र तिनीसँग सम्बन्धित ट्याङ्करहरूलाई लक्षित गरिएको विज्ञप्तिमा उल्लेख छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयलाका राष्ट्रपति मादुरोमाथि संयुक्त राज्य अमेरिकालाई अस्थिर पार्ने उद्देश्यसहित 'नार्को-आतङ्कवादी' शासनको नेतृत्व गरिरहेको आरोप लगाउँदै आएका छन् । पछिल्लो प्रतिबन्ध घोषणामा पनि यही दाबी दोहोरिएको छ । आधिकारिक सूचनाअनुसार प्रतिबन्धको दायरामा परेका जहाजहरूमध्ये केही भेनेजुयलासँग सम्बन्धित तथाकथित 'छाया फ्लीट' (स्याडो फ्लीट) का हिस्सा हुन्, जसले मादुरोको वामपन्थी शासनलाई इन्धन आपूर्ति गर्न आवश्यक वित्तीय स्रोत उपलब्ध गराइरहेका छन् ।

विज्ञप्तिमा भनिएको छ, "मादुरोको शासन प्रतिबन्धबाट जोगिन र प्रतिबन्धयोग्य गतिविधिहरू सहज बनाउन विश्वव्यापी जहाजहरूको छाया फ्लीटमा बढ्दो रूपमा निर्भर हुँदै आएको छ । यिनै माध्यमबाट शासनले आफ्ना अस्थिर गतिविधिहरूका लागि राजस्वसमेत आर्जन गरिरहेको छ । आजको कदमले भेनेजुयलाको तेल व्यापारमा संलग्नहरू अझै पनि गम्भीर प्रतिबन्धको जोखिममा रहेको सन्देश दिन्छ ।"

भेनेजुयलाका राष्ट्रपति मादुरोलाई जबरजस्ती सत्ताबाट हटाउने उद्देश्य नै प्रशासनको रणनीति रहेको छ । अमेरिकाद्वारा भेनेजुयलाको तेल क्षेत्रमा नयाँ प्रतिबन्ध

वासिङ्टन, १ जनवरी ( एएनआई) । संयुक्त राज्य अमेरिकाले भेनेजुयलाको तेल क्षेत्रमा नयाँ प्रतिबन्ध घोषणा गरेको छ । अमेरिकी अर्थ मन्त्रालयले बुधबार (स्थानीय समय) भेनेजुयलाको तेल कारोबारमा संलग्न चार कम्पनीमाथि प्रतिबन्ध लगाउनुका साथै चार वटा तेल ट्याङ्करलाई अवरुद्ध सम्पत्तिका रूपमा सूचीकृत गरेको हो ।

मन्त्रालयले जारी गरेको आधिकारिक विज्ञप्तिअनुसार यी प्रतिबन्धहरू भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोमाथि दबाब बढाउने राष्ट्रपति डोनाल्ड ट्रम्पको पछिल्लो प्रयासको हिस्सा हुन् । भेनेजुयलाको तेल ओसारपसारमा संलग्न रहेको आरोपमा ती कम्पनी र तिनीसँग सम्बन्धित ट्याङ्करहरूलाई लक्षित गरिएको विज्ञप्तिमा उल्लेख छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयलाका राष्ट्रपति मादुरोमाथि संयुक्त राज्य अमेरिकालाई अस्थिर पार्ने उद्देश्यसहित 'नार्को-आतङ्कवादी' शासनको नेतृत्व गरिरहेको आरोप लगाउँदै आएका छन् । पछिल्लो प्रतिबन्ध घोषणामा पनि यही दाबी दोहोरिएको छ । आधिकारिक सूचनाअनुसार प्रतिबन्धको दायरामा परेका जहाजहरूमध्ये केही भेनेजुयलासँग सम्बन्धित तथाकथित 'छाया फ्लीट' (स्याडो फ्लीट) का हिस्सा हुन्, जसले मादुरोको वामपन्थी शासनलाई इन्धन आपूर्ति गर्न आवश्यक वित्तीय स्रोत उपलब्ध गराइरहेका छन् ।

विज्ञप्तिमा भनिएको छ, "मादुरोको शासन प्रतिबन्धबाट जोगिन र प्रतिबन्धयोग्य गतिविधिहरू सहज बनाउन विश्वव्यापी जहाजहरूको छाया फ्लीटमा बढ्दो रूपमा निर्भर हुँदै आएको छ । यिनै माध्यमबाट शासनले आफ्ना अस्थिर गतिविधिहरूका लागि राजस्वसमेत आर्जन गरिरहेको छ । आजको कदमले भेनेजुयलाको तेल व्यापारमा संलग्नहरू अझै पनि गम्भीर प्रतिबन्धको जोखिममा रहेको सन्देश दिन्छ ।"

भेनेजुयलाका राष्ट्रपति मादुरोलाई जबरजस्ती सत्ताबाट हटाउने उद्देश्य नै प्रशासनको रणनीति रहेको छ ।

# गर्भावस्था र सुत्केरीमा मानसिक स्वास्थ्य : बेवास्ताले बढ्दै जोखिम

- बुनु थारु

काठमाडौँ । गर्भावस्था र सुत्केरी अवस्था महिलाका लागि जीवनको सबैभन्दा संवेदनशील चरणमध्ये एक हो । तर, स्वास्थ्य सेवामा अझै पनि शारीरिक पक्षलाई मात्र प्राथमिकता दिइँदा यससँग जोडिएको मानसिक स्वास्थ्य भने ओझेलमा पर्दै आएको छ ।

सामाजिक धारणा, स्रोतसाधनको अभाव र जानकारीको कमीका कारण गर्भवती तथा सुत्केरीले भोग्ने तनाव, एन्जाइटी र डिप्रेसनजस्ता समस्या समयमै पहिचान हुन सकेका छैनन् । यसको असर आमा मात्र होइन, बच्चा र समग्र परिवारमा समेत पर्न थालेको छ ।

एक ३४ वर्षीया महिलाको दुईपटक गर्भपतन भइसकेको थियो । यही कारण यसपटकको गर्भावस्थामा उहाँ अत्यन्तै मानसिक दबाबमा हुनुहुन्थ्यो । ‘अहिले त जसरी पनि बच्चा हुनैपर्छ’ भन्ने सोचले उहाँलाई निरन्तर सताइरहेको थियो । उमेर ढल्किँदै गएको, करिअरमा ढिलाइ हुने डर र गर्भावस्थापछि जागिर के हुन्छ भन्ने चिन्ताले उहाँमा एन्जाइटी बढायो । अहिले उहाँ परामर्शपश्चात् सामान्य अवस्थामा फर्किनुभएको छ ।

साथै अर्की २९ वर्षे महिलाको समस्या पनि उस्तै छ । उहाँले बच्चा जन्माइसकेपछि डिप्रेसनको सामना गर्नुभयो । आर्थिक अभाव, श्रीमान्को अस्थिर व्यवहार, घरमा पहिले नै अन्य बच्चाको जिम्मेवारी र अन्तरजातीय विवाहका कारण परिवारबाट अस्वीकृतिले उहाँको मानसिक अवस्था झन् कमजोर बनायो । पोस्टपार्टम अवधिमा उहाँलाई पटकपटक आत्महत्याका विचार आउन थाले । उपचार नपाएको भए अवस्था अझ खतरनाक हुन सक्थ्यो । अन्तत: उहाँमा एन्टी-डिप्रेसनको समस्या देखियो ।

२३ वर्षीया सुत्केरीमा भने फरक केही समस्या देखियो । बच्चाको हेरचाह गर्न मन नलाग्ने, कहिलेकाहीँ बच्चालाई क्षति पुऱ्याउने सोचसमेत आउने गरेको थियो । श्रीमान्ले ‘बच्चा नहेरेको’ भन्दै कुटपिटसमेत गर्थे । वैवाहिक सम्बन्ध नै धरमराउँदै गएको थियो । पोस्टपार्टम डिप्रेसनको अवस्थालाई श्रीमान्ले नबुझ्दा हिंसा थपिएको थियो । अहिले भने उहाँलाई औषधि र परामर्शले क्रमश: सुधार भइरहेको छ ।

एक कामकाजी महिलाले त बच्चा जन्मिएपछि जागिर नै छाड्नुपऱ्यो । बच्चा जन्मिएपछि उहाँ माइतीमै बस्नुभयो । घर फर्किएपछि सबै काम आफैँ गर्नुपर्ने, त्यसमाथि काम छोड्दाको नयाँ दैनिकीले उहाँलाई तनाब दिइरहेको थियो । त्यसकै कारण मानसिक अवस्था बिग्रिँदै गइरहेको थियो । उहाँ पोस्टपार्टम डिप्रेसन मात्र होइन, व्यक्तिगत तथा पारिवारिक डिस्फ्याक्टरबाट पनि गुज्रिराख्नुभएको थियो ।

माथिका चार घटना प्रतिनिधि मात्रै हुन् । यी घटनाले गर्भावस्था तथा सुत्केरी अवस्थामा महिलाले भोग्नुपरेका मानसिक स्वास्थ्यको अवस्था देखाउँछन् । उदाहरणले गर्भावस्था र प्रसूति शारीरिक मात्र विषय होइन यो मातृत्वसँग जोडिएको मानसिक स्वास्थ्यको अनिवार्य हिस्सा हो भन्ने देखाउँछ ।

**आमामा मानसिक स्वास्थ्य समस्या**

पछिल्लो समय मानसिक स्वास्थ्यसम्बन्धी बहस र पैरवी बढ्दै गए पनि गर्भावस्था र सुत्केरी अवस्थासँग जोडिएको मानसिक स्वास्थ्यबारे भने कमै मात्र चर्चा हुने गरेको छ । यस्तो अवस्थाको मानसिक स्वास्थ्य समस्याले गर्भमा रहेको भ्रुणको वृद्धि-विकासमा असर पार्न सक्छ ।

बच्चाको शारीरिक, बौद्धिक र भावनात्मक विकासमा समेत नकारात्मक प्रभाव पर्न सक्छ । समयमै पहिचान र उपचार नहुँदा यस्ता समस्याले साइकोसिस, आत्महानि, आत्महत्या तथा अन्य जटिल स्वास्थ्य समस्याको रूप लिन सक्ने विज्ञहरू बताउँछन् । यसले बच्चाको स्याहार-सुसारमा नकारात्मक असर पार्नुका साथै आमा-बच्चाबिचको आत्मीय सम्बन्ध विकासमा कठिनाइ सिर्जना गर्न सक्छ । दाम्पत्य जीवन र पारिवारिक सम्बन्धमा समेत समस्या देखिन सक्छ ।

धेरैमा गर्भावस्था र सुत्केरी अवस्थाका विभिन्न शारीरिक तथा सामाजिक परिवर्तनका कारण तनाव देखिन सक्छ, जुन केही हदसम्म सामान्य मानिन्छ । यदि यस्तो तनाव लामो समयसम्म निरन्तर रहन्छ र यसले शारीरिक स्वास्थ्य, दैनिक क्रियाकलाप, पारिवारिक तथा दाम्पत्य सम्बन्ध र कार्यस्थलमा समेत नकारात्मक असर पार्न थाल्छ भने त्यो गर्भवती वा सुत्केरी अवस्थासँग सम्बन्धित मानसिक स्वास्थ्य समस्याको सङ्केत हुनसक्छ ।


श्रीमान् तथा परिवारबाट आवश्यक साथ-सहयोग नपाउनु, सानै उमेरमा वा किशोरावस्थामै गर्भवती हुनु, अनियोजित वा अनिच्छित गर्भधारण, हाल वा विगतमा हिंसाबाट प्रभावित हुनु, आर्थिक अभाव, व्यक्तिगत वा पारिवारिक दु:खद् घटना भोग्नु, गर्भवती हुनुअघि नै मानसिक स्वास्थ्य समस्या हुनु, तथा अघिल्लो गर्भावस्थाको दु:खद वा डरलाग्दो अनुभव (गर्भपतन, नवजात शिशुको स्वास्थ्य समस्या, बच्चाको मृत्यु वा अन्य जटिलता) जस्ता कारणले गर्भवती तथा सुत्केरी अवस्थामा मानसिक समस्या निम्त्याउन सक्छन् ।

परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पतालको मानसिक स्वास्थ्य ओपीडीमा कार्यरत मनोचिकित्सक डा. प्रतिष्ठा घिमिरेका अनुसार गर्भवती तथा सुत्केरी धेरै महिलामा एन्जाइटी र डिप्रेसनको समस्या देखिने गरेको छ । अस्पतालले २०८१ साल असोज २० गतेदेखि गर्भवती तथा सुत्केरीका लागि मानसिक स्वास्थ्य सेवाको ओपीडी सेवा सुरु गरेको छ । यो सेवा सरकारीस्तरमा यो अस्पतालमा मात्र उपलब्ध छ । ओपीडीमा दैनिक ६ देखि ७ जना परामर्शका लागि आउने गरेका छन् भने हरेक दिन १५ देखि २० जना सुत्केरी भइसकेका आमालाई मनोसामाजिक परामर्श दिने गरिएको छ ।

सेवाग्राहीसँग दैनिक कुरा गर्ने नर्स, मिडवाइफलाई यस्ता लक्षणबारे तालिम दिने, तनाव व्यवस्थापनका तालिम, रेफरल केशलाई काउन्सिलिङ र उपचार गर्ने, सघन कक्षमा बच्चा भएका आमाहरूको स्क्रिनिङ गर्ने काम अस्पतालले गर्दै आएको छ ।

गर्भावस्थामा तनाव र एन्जाइटीका केस देखिन्छन् भने डेलिभरीपछि एन्जाइटी र डिप्रेसनका केस ओपीडीमा बढी आउने गरेका छन् । डर लाग्ने, मन आत्तिने, छटपटी हुने, भविष्यप्रति नकरात्मक सोच आउने, बच्चालाई पेटमा केही पो भएको छ भन्ने डर लाग्ने, निद्रा नलाग्ने, जिउ भारी भएजस्तो हुने लक्षण लिएर आउने धेरै हुने डा. घिमिरेका बताउनुहुन्छ ।

मनोविद्हरूका अनुसार ‘सो-कल्ड बेस्ट आमा’ बन्नैपर्छ भन्ने सामाजिक दबाब पनि महिलाले थेग्न नसक्दा मानसिक समस्या बढिरहेको छ । कतिपय अवस्थामा आत्महत्या गर्ने सोचसमेत आउने गरेको पाइएको छ । “धेरै महिलाले सहयोग माग्नै चाहँदैनन् । गाह्रो भए पनि भन्न सक्दैनन् । मानसिक समस्या व्यक्त गर्दा आफू खराब आमा ठहरिने हो कि, कर्तव्य पूरा गर्न नसकेको दोष लाग्ने हो कि भन्ने डरले उनीहरू अझ बढी तनावमा पर्ने गरेका छन्,” डा. घिमिरे बताउनुहुन्छ ।

**एन्जाइटीदेखि आत्महत्यासम्म**

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार विश्वभर करिब १० प्रतिशत गर्भवती र सुत्केरी भइसकेका १३ प्रतिशत महिला कुनै न कुनै मानसिक समस्याबाट प्रभावित हुन्छन् । विकासोन्मुख देशहरूमा यो अवस्था अझ गम्भीर छ । त्यहाँ गर्भावस्थामा १५.६ प्रतिशत र सुत्केरीपछिको अवधिमा १९.८ प्रतिशत महिलामा मानसिक समस्या देखिन्छ ।

गम्भीर अवस्थामा आमाको पीडा अत्यन्तै बढ्न सक्ने भएकाले आत्महत्यासम्म गर्ने अवस्था पनि आउन सक्छ । यसका साथै, प्रभावित आमाले आफ्नो दैनिक भूमिका र जिम्मेवारी ठीकसँग निर्वाह गर्न सक्दैनन् । परिणामस्वरूप, बालबालिकाको वृद्धि र विकासमा नकारात्मक असर पर्न सक्छ । तर, गर्भावस्था तथा मातृत्वको अवस्थामा देखिने मानसिक समस्याको उपचार सम्भव छ ।

नेपालमा गर्भवती तथा सुत्केरी अवस्थामा हुने मानसिक समस्याबाट पीडित हुने दर उच्च देखिन्छ । डब्लुएचओकै तथ्याङ्कअनुसार गर्भावस्थामा १५.६ प्रतिशत र सुत्केरीपछिको अवधिमा १९.८ प्रतिशत जसका कारण प्रजनन उमेरका महिलामध्ये आमाको आत्महत्या मृत्युको प्रमुख कारणमध्ये एक बनेको छ । यसैगरी जानीजानी आत्म-हानि (इन्टेन्सनल सेल्फ हार्म) आमासम्बन्धी कुल मृत्युको करिब ६ प्रतिशत हिस्सा ओगटेको छ ।

**समस्या कसरी थाहा पाउने ?**

यस विषयमा चर्चा र बहस पनि कम हुने गरेकाले नै जटिलता थपिएपछि मात्र महिलाहरू अस्पतालसम्म आइपुग्छन् । सुत्केरीपछि ३ महिनादेखि एक वर्षसम्म महिलाहरूमा मानसिक समस्या देखिन सक्छन् । लगनखेलस्थित मानसिक अस्पतालकी मानसिक रोग विशेषज्ञ डा. तृष्णा विष्ट ९९ प्रतिशत महिला ‘पोस्टपार्टम ब्लुज’ सँग गुज्रिने बताउनुहुन्छ । त्यो भनेको कहिले खुसी त कहिले दु:खी महसुस हुने, बिसन्चो, चिडचिडापन, ‘मुड स्वीङ’ भइराख्ने लक्षण हुन् । पोस्टपार्टम डिप्रेसन देखिन भने मध्यमदेखि जटिलताको अवस्थाबाट गुज्रनुपर्ने उहाँको भनाइ छ ।

“बच्चा र आफूलाई हानी पुऱ्याउन मन लाग्ने, अनौठो स्वभाव देखाउने, मनमा कुरा खेलाएर बस्ने, अनौठो खालको आभास हुने जटिल खालको लक्षण हुन सक्छन्,” डा. विष्ट भन्नुहुन्छ । दुई हप्ताभन्दा बढी समयदेखि लक्षण महसुस भइरहेको छ भने सकेसम्म छिटो स्वास्थ्यकर्मीसँग भेट्नुपर्छ । धेरै चिन्तित हुने र सोचिरहने, पहिले रमाइलो लाग्ने कुरामा चाख नलाग्ने, निराशा, बेसहारा र मूल्यहिन महसुस हुने, डर लाग्ने, आत्तिने र छटपटी हुने यसका लक्षण हुन् । निद्रामा गडबडी आउने, खान मन नलाग्ने, जीवनमा आउने सामान्य तनावको पनि सामना गर्न नसक्ने, कुनै पनि प्रतिकुल अवस्थाका लागि आफैँलाई दोषी देख्ने, रुन मन लाग्ने वा रोइरहने, निरन्तर थकित महसुस हुने, बच्चालाई वा आफैँलाई हानि गर्ने सोच आउने, घरका र कार्यस्थलका नियमित क्रियाकलाप गर्न गाह्रो हुने भएमा स्वास्थ्यकर्मीलाई भेटिहाल्नुपर्ने उहाँको सुझाव छ ।

उदासीनता तथा एन्जाइटीको समस्या गर्भवती तथा सुत्केरी अवस्थामा धेरै महिलामा देखिन्छ । समयमै पहिचान भएमा यस्ता समस्याको व्यवस्थापन र उपचार गर्न सकिन्छ । समयमै व्यवस्थापन गरिएमा यी समस्याले आमा र बच्चाको दुवैको स्वास्थ्य र वृद्धि विकासमा हानि पुऱ्याउन सक्छन् ।

मानसिक तथा शारीरिक परिवर्तनले स्वभाविक रूपमै महिलालाई पहिलेभन्दा गाह्रो बनाइराखेको हुन्छ । बच्चापछि मानसिक समस्या देखिनुमा त्यसअघि उसको स्वभाव कस्तो थियो भन्नेमा पनि भर पर्ने बताउनुहुन्छ डा. विष्ट । भन्नुहुन्छ, “आत्तिराख्ने, तनाव लिइराख्ने, समाधान गर्न नसक्ने खालको स्वभाव थियो कि ? उसको आचरण र स्वभाव कस्तो थियो भन्नेमा पनि भर पर्छ ।” सामाजिक, आर्थिक अवस्थासँगै श्रीमान्-श्रीमतीको सम्बन्धले पनि मानसिक स्वास्थ्यमा देखिन सक्ने सम्भावनालाई बढावा दिन्छ ।

**श्रीमान् र परिवारको साथ**

महिलालाई गर्भावस्थाका साथै सुत्केरीमा श्रीमान् मात्र होइन घरका सबै सदस्यको सहयोग चाहिन्छ । शारीरिकरूपमा महिलाले नै सबै जिम्मेवारी लिनुपर्ने भए पनि अरु कुरामा परिवारका सदस्यले सहयोग गर्नुपर्ने जानकार बताउँछन् ।

डा. घिमिरे भन्नुहुन्छ, “अप्ठ्यारो भएको बेला कुरा बुझिदिने र सुनिदिनुपर्छ । नयाँ जिम्मेवारी थपिँदा आमाको दैनिकी फेरिएको हुन्छ । आमालाई सुत्न र आराम गर्न दिनुपर्छ । बच्चासँगै आमाको पनि ख्याल राख्नुपर्छ । साथै गर्भवती तथा सुत्केरी महिलाले पनि सहयोग माग्न सिक्नुपर्छ ।”

नियमित तालिकामा बाँधिनुपर्दा सकस महसुस हुनसक्ने भएकाले आफूलाई अरु क्रियाकलापमा पनि लगाउनुपर्ने उहाँ बताउनुहुन्छ । “बाहिर हिँडडुल गर्ने, पोषिला खानेकुरा खाने, ध्यान र योग गर्ने गर्नुपर्छ । हर्मोन परिवर्तन भइराखेको हुन्छ । कति कुरा सामान्य लक्षण हुन सक्छन् त्यो म आफैले समाना गर्न सक्छु भनेर अठोट लिनुपर्छ । आफूमा आएको परिवर्तनलाई कसरी आत्मसाथ गर्न सक्नुपर्छ भनेर बुझ्नुपर्ने हन्छ,” उहाँको भनाइ छ ।

विज्ञका अनुसार परिवारका सदस्य र विशेषगरी श्रीमान्को साथ भएमा महिलालाई त्यस्ता समस्याबाट जुध्न सजिलो हुन्छ । कामकाजी महिलाले विशेषगरी धेरै कुरामा सम्झौता गर्नुपरेको हुन्छ । पहिले संयुक्त परिवारमा बस्दा बा/आमाले बच्चा हेरिदिन्थे, जसले गर्दा दम्पतीलाई सहज बनाउँथ्यो । डा. विष्ट भन्नुहुन्छ, “हामीले महिलामा मात्र बचचापछि मानसिक समस्याबाट गुज्रिनुपरेको भन्छौँ तर पुरुषहरूले पनि भोगिरहेका हुन्छन् । दुवैको निद्रा डिस्टर्ब हुन्छ, अनि खानपिन र सम्पूर्ण दैनिकीमा नै परिवर्तन आएको हुन्छ ।”

अभिभावकीय भूमिकामा महिलाले मात्र सम्झौता गरेका हुँदैनन्, पुरुषले पनि त्यो जिम्मेवारी निभाइरहेका हुन्छन् । महिलाले साथ नदिएको खण्डमा त्यहाँ पुरुष पनि समस्यामा पर्न सक्छन् । यो अवस्थामा दुवैले एकअर्कालाई साथ दिनुपर्छ । डा. तृष्णा विष्ट सुझाउनुहुन्छ, “यथार्थपरक लक्ष्य राख्नुस् । जीवनमा सबै कुरा प्राप्त हुन्छ भन्ने पनि हुँदैन । केही न केही सम्झौता गर्नेपर्ने हुन्छ । आफूलाई पनि समय दिने प्रयास गर्नुस् । जुन क्षण छ त्यसमा रमाउन सिक्नुस् । मलाई यो समस्या भयो भनेर भन्न सिक्नुस् ।”

पहिला त गर्भावस्थामा मुख्य आकर्षण महिला हुन्छिन् । सबैको सोधीखोजीको विषय हुन्छ । बच्चा भएपछि सबै ध्यान बच्चामै जान्छ, जसले गर्दा आमालाई एक्लो महसुस हुन सक्छ । यस्तो समस्या पनि धेरै महिलामा देखिएको छ । डा. विष्टको भन्नुहुन्छ, “तपाईं मानसिकरूपमा तयार नहुँदासम्म बच्चा नजन्माउनुस् । समाजको प्रभाव र दबाबमा नआउनुस् ।”

डा. घिमिरेका अनुसार गर्भावस्था र त्यसपछिका दिनमा मानसिक स्वास्थ्य समस्या देखिन सक्छ भन्ने विषयमा अझै पर्याप्त जनचेतना छैन । “मानसिक स्वास्थ्य आफैँमा प्राथमिकतामा पर्दैन, त्यसमाथि गर्भावस्था र सुत्केरी अवस्थाको मानसिक स्वास्थ्यको त झनै बेवास्ता हुन्छ । यसलाई सामान्य ठानेर गम्भीर रूपमा नलिँदा दुर्घटना हुनसक्छ,” उहाँ भन्नुहुन्छ ।

डा. घिमिरे तनाब व्यवस्थापनका तरिका, खानपानमा ध्यान दिने, सन्तुलित भोजन र पोषिलो खाने, शारीरिक रूपमा सक्रिय हुने, आफ्ना कुरा विश्वासिलो व्यक्तिलाई सेयर गर्ने, सोसलाइज हुने, एकोहोरो नहुने, आइसोलेटेड नहुने गर्दा यी समस्या नआउन सक्ने बताउनुहुन्छ ।

स्वास्थ्य सेवामा अझै पनि शारीरिक पक्षलाई बढी प्राथमिकता दिने परिपाटी छ । मानसिक स्वास्थ्यप्रति समाजमा रहेको नकारात्मक धारणा तथा मानवीय र भौतिक स्रोतसाधनको अभावका कारण गर्भवती तथा सुत्केरी महिलामा देखिने मानसिक स्वास्थ्य समस्या लामो समयदेखि ओझेलमा पर्दै आएको देखिन्छ ।

**कसरी समाधान गर्न सकिन्छ ?**

- बच्चा हेर्न र घरका कामकाजमा श्रीमान् तथा परिवारका सदस्यको सहयोग लिनुहोस् ।
- पर्याप्त आराम र निन्द्रा सुनिश्चित गर्नुहोस् ।
- नियमित रूपमा आफ्नो सरसफाइ गर्नुहोस्, पोषिलो र सन्तुलित खानुहोस् ।
- मिल्ने व्यक्ति र अरु गर्भवती, सुत्केरीसँग आफ्ना भावना व्यक्त गर्नुहोस् ।
- आशावादी रहनुहोस् ।
- विगतका खुसीका क्षणका सम्झना गर्दै हौसला लिनुहोस् ।
- मोबाइल, टिभी, कम्प्युटरलगायत, सामाजिक सञ्जालमा धेरै समय नबिताउनुहोस् ।
- गलत सूचनामा विश्वास नगर्नुहोस् र आफूलाई चाहिने जानकारी आधिकारिक स्रोतबाट लिनुहोस् ।

*रासस*


**समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.**
महेश्वरीस्थान, भ.न.पा.-८, भक्तपुर
फोन नं. ०१-६६१९३३२,६६१९८४०

**धितो लिलाम बिक्रीसम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति २०८२/०९/१८ गते**

यस समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलका ऋणीले लिएको कर्जा सावाँ ब्याजलगायतका अन्य दैदस्तुरसमेत यस संस्थासँग गरेको सर्तबमोजिम भाखाभित्र तिर्न बुझाउनुपर्नेमा नतिरी नबुझाई ऋण कर्जासम्बन्धी सर्त बन्देज उल्लङ्घन गर्नुभएकोले पटक पटक लिखित एवम् मौखिक ताकेता गर्दासमेत कुनै चासो नदेखाई कर्जा चुक्ता गर्न नआई बसेकोले २०८२/०५/०५ गतेमा ‘मजदुर’ राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दासमेत कर्जा चुक्ता गर्न नआएको र कर्जा चुक्ता गर्न कुनै चासोसमेत नदिनुभएकोले तपाईं ऋणीले यस संस्थामा तिर्नु बुझाउनुपर्ने सावाँ ब्याज हर्जानालगायतका अन्य लेना दैदस्तुरसमेत यस संस्थाको लेना रकम (सावाँ ब्याज र हर्जानासमेत सम्पूर्ण) असुलउपर गर्नका लागि धितो रहेको तपसिलमा उल्लेखित अचल सम्पत्ति लिन इच्छुक व्यक्तिहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र धितो लिलामसम्बन्धी शिलबन्दी बोलपत्र यस संस्थाको कार्यालय समयभित्र पेस गर्नुहुन सूचित गरिन्छ । सो सूचना प्रकाशित भएको मितिले ३६ (छतीस) औँ दिनमा वा सो दिन बिदा परेमा लगत्तै कार्यालय खुल्ने दिनमा यस संस्थाको मुख्य कार्यालय महेश्वरीस्थानमा दिनको ठीक ०१:०० बजे लिलाम डाँक बढाबढ गरी बिक्री गर्ने जानकारी सूचित गरिन्छ । लिलामसम्बन्धी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहने बेहोरासमेत सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | ऋणीको फोटो | धितो दिनेको नाम थर र धितो सुरक्षणको घरजग्गा विवरण |
|---|---|---|---|
| १. | **नाम**: रामेश्वर सैंजू<br>**पिताको नाम**: गोपीलाल सैंजू<br>**बाजेको नाम**: गोविन्द सैंजू<br>**सदस्यता न.** ८०३ |  | **जग्गाधनीको नाम**: रामेश्वर सैंजू<br>**पिताको नाम**: गोपीलाल सैंजू<br>**घरजग्गाको विवरण** :<br>भक्तपुर जिल्ला, भ.न.पा. वडा नं. २ ‘घ’ स्थित कि.नं ७१५ क्षे. फ. ०-३-०-०.घरजग्गा र लिगापातसमेत पूरै |

**पुनश्च**: लिलाम बढाबढ गर्ने दिन बोलपत्रदाताहरू, ऋणी वा ऋणीका प्रतिनिधिलाई उपस्थित हुन यसै सूचनाबाट जानकारी गराइन्छ । यसै सूचनाबाट बोलपत्रदाताहरू, ऋणी र धितो मञ्जुरी दिने व्यक्तिलाई सूचना प्राप्त भएको मानिनेछ । धितो लिलामसम्बन्धी सर्त बन्देजहरूलगायतका विस्तृत विवरण संस्थाको सूचना पाटीमा टाँस गरिएको सूचित गरिन्छ । लिलाम बिक्रीसम्बन्धी बोलपत्र फाराम रू. १०००।- अक्षरेपी एक हजार रूपैयाँ तिरी संस्थाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

## भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी सूचना

आ.व. २०८२।८३ को सामाजिक सुरक्षा भत्ताअन्तर्गत दोस्रो त्रैमासिक (२०८२ कार्तिक, मङ्सिर र पुसको) देहायबमोजिमका बैङ्कहरूमा EFT मार्फत भत्ता जम्मा भइसकेको हुँदा सम्बन्धित लाभग्राहीहरूलाई सम्बन्धित वडा कार्यालयहरू तथा बैङ्कमार्फत निम्न मिति र स्थानमा वितरण गरिने हुँदा उक्त भत्ता रकम बुझ्न लाभग्राहीहरू देहाएबमोजिमका कागजातसहित उपस्थित भइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| वडा नं. | वितरण मिति | वितरण गर्ने स्थान |
|---|---|---|
| १. | मिति २०८२ पुस २३ गते<br>मिति २०८२ माघ १ गतेबाट | १ नं वडा कार्यालय, दूधपाटी<br>कुमारी बैङ्क, नपुखु |
| २. | मिति २०८२ पुस २१ गतेदेखि | भ.न.पा. नेपाल बैङ्क काउन्टर, ब्यासी |
| ३. | मिति २०८२ पुस २४ गते<br>मिति २०८२ माघ १ गतेबाट | ३ नं. वडा कार्यालय, वंशगोपाल<br>कुमारी बैङ्क, नपुखु |
| ४. | मिति २०८२ पुस २२ गतेदेखि | सिद्धार्थ बैङ्क, राममन्दिर |
| ५. | मिति २०८२ पुस २० गतेदेखि | लक्ष्मी सनराइज बैङ्क, सुकुलढोका |
| ६. | मिति २०८२ पुस २८ र २९ गते<br>मिति २०८२ पुस ३० गतेदेखि | ६ नं. वडा कार्यालय, भोलाछेँ<br>कुमारी बैङ्क, ब्यासी |
| ७. | मिति २०८२ पुस २१ र २२ गते<br>मिति २०८२ पुस २३ गतेदेखि | ७ नं. वडा कार्यालय<br>कुमारी बैङ्क, जगाती |
| ८. | मिति २०८२ पुस २१ गतेदेखि | प्राइम बैङ्क, च्याम्हासिंह |
| ९. | मिति २०८२ पुस २० गतेदेखि २५ गतेसम्म | सिद्धार्थ बैङ्क, च्याम्हासिंह |
| १०. | मिति २०८२ पुस २१ र २२ गते<br>मिति २०८२ पुस २३ गतेदेखि | १० नं. वडा कार्यालय, कमलविनायक<br>नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क, कमलविनायक |

**आवश्यक कागजातहरू**

१. सामाजिक सुरक्षा परिचय पत्र,
२. संरक्षकको हकमा संरक्षक खुलेको कागजात वा सम्बन्धित वडाको सिफारिस र परिचय पत्र,
३. चेकबुक प्राप्त लाभग्राहीहरूले आफ्नो चेकबुक साथमा लिएर आउनुहोला ।

**पुनश्च** : उपरोक्त दिनहरूमा भत्ता बुझ्न नसकिने लाभग्राहीहरूले सम्बन्धित बैङ्कमार्फत प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ ।

थप जानकारीका लागि : सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा, भ.न.पा. : ०१-५९१८४४३


# नेपाल क्रान्तिकारी मजदुर सङ्घ नगर समिति भक्तपुर पुनर्गठन

भक्तपुर, १७ पुस । विश्व सर्वहारावर्गका गुरुहरू स्तालिन र माओको जन्म जयन्तीको अवसरमा नगरस्तरीय मजदुरहरूको भेला बुधबार भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका प्रतिनिधि गङ्गाराम ज्याख्वले पार्टीको मार्गनिर्देशक सिद्धान्तअनुसार व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्न कार्यकर्ताहरू अघि सार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष उपेन्द्र सुवालले मजदुर सङ्घमा विभिन्न पेसागत मजदुरहरू आबद्ध भएको उल्लेख गर्दै नेमकिपा स्वच्छ छविको पार्टी हो; शोषित पीडित जनताको भरोसा गर्ने पार्टी हो भन्नुभयो । नेमकिपा काम गरिखाने श्रमजीवी जनताको सङ्गठन भएको विचार व्यक्त गर्दै उहाँले सङ्घर्षलाई राजनीतिक सङ्घर्षमा विकास गर्न र गराउन पार्टी लागिरहेको बताउनुभयो ।

देशमा आर्थिक समानता ल्याउन सङ्घर्ष नगरी नहुने उहाँको भनाइ थियो ।

भेलामा मजदुर सङ्घका विष्णुराम दुमरु, बिक्रम ढुकुछु, रमेश दुमरु र रुद्रनारायण लाखाले पनि मजदुरहरूको समस्या र मजदुर आन्दोलनबारे आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

भेलाले गणेशप्रसाद सुवालको अध्यक्षतामा १७ सदस्यीय नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर नगर समिति गठन गरेको थियो ।


## हार्दिक समवेदना



**जन्म** : २००६/१२/१८
**निधन** : २०८२/०९/०९

यस समितिका सदस्य सत्यराम कासिछ्वाका पूजनीय पिता **सीताराम कासिछ्वा**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल क्रान्तिकारी युवा सङ्घ**
भक्तपुर नगर समिति



## हार्दिक श्रद्धाञ्जली



जन्म
१९८५/०१/१८

स्वर्गारोहण
२०८२/०९/०८

चुन्तरी सुकुपायो

यस टीमका सदस्य अनिल सुकुपायोकी पूजनीय हजुरआमा **चुन्तरी सुकुपायो**को दुःखद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**भक्तपुर युवा टीम**
गोल्मढी, भक्तपुर-७


**कङ्गाल...**

अत्यावश्यक भएका बाहेकका आफ्ना कर्मचारीहरूको एक-एक हप्ताको तलब 'होल्ड' मा राखेर पनि पाइप किन्ने रकम जुटाउन सक्थ्यो । केन्द्रबाट निकासा भएपछि ती कर्मचारीको रकम फिर्ता दिन सकिन्थ्यो । भक्तपुरमा कतिपय विद्यालयले शिक्षकहरूको तलब रोकी विद्यालयको जग्गा किन्न, भवन बनाउन, शैक्षिक सामग्री जोहो गरी विद्यालय सञ्चालन र प्रगति गरेका थिए । तर, काउखालि केही गर्दैन, न पानीको नयाँ स्रोत खोज्छ, न पानी दिन्छ न त ढल निकासकै काम गर्छ ।

***जी. श्रेष्ठ, भक्तपुर-६***


## सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्न गरौं ।

**संस्थाको ३२[औं] स्थापना दिवस (पुस २९ गते) को अवसरमा हुने कार्यक्रममा सहभागी होऔं।**

**मूत्रोगसम्बन्धी स्वास्थ्य शिविर तथा निःशुल्क थाइरोइड परीक्षण**

**मिति** : २०८२ पुस २६ गते, शनिबार
**समय** : बिहान ८:०० देखि १०:०० बजेसम्म
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

**पुनश्च** : शिविरमा निःशुल्क थाइरोइड परीक्षण तथा अन्य रगत परीक्षण (CBC,KFT, Sugar, Uric acid, LFT, cholesterol, triglyceride, Vitamin D) मा ५०% छुट प्रदान गरिनेछ ।

स्वास्थ्य उपसमिति

**वासिङ मेसिनमा प्रयोग हुने सर्फ बनाउने तालिम**

**मिति** : २०८२ पुस २४ गते, बिहीबार
**समय** : बिहान ८:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु. २००।- मात्र
**दर्ता मिति** : २०८२ पुस २३ गतेभित्र
**सहभागी सङ्ख्या** : बढीमा २० जना

सदस्य व्यवसाय प्रवर्द्धन उपसमिति

**सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहोला**

**सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार यस संस्थामा सदस्य महानुभावहरूले हरेक ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं., अन्य विवरण) भएमा संस्थामा उपलब्ध सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहुन अनुरोध छ ।**

**गतिविधि**




ऋण उपसमितिको आयोजनामा सम्पन्न ऋणी तथा सदस्यहरूलाई संस्थाको परिवर्तित ऋण नीतिसम्बन्धी जानकारी एवं भेटघाट कार्यक्रममा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा तथा सहभागी सदस्यहरू । (पुस १५)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE



## हार्दिक समवेदना



**जन्म: १९९१/०८/१०** **पुनमाया दुवाल** **निधन: २०८२/०९/१५**

यस श्री जय बाराही इँट्टा उद्योगका प्रोपाइटर श्री श्रीनाथ दुवालका प्रातः स्मरणीय ममतामयी माता **पुनमाया दुवाल**को असामयिक निधन भएको आज चौथो दिन (लक्चको पुण्यतिथिमा दिवङ्गत आत्माको स्वर्गमा वास होस् भनी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा यस दुःखद घडीमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी ईश्वरसँग प्रार्थना गर्दछौं । साथै परिवारजनप्रति समवेदना व्यक्त गर्दछौं ।

**श्री जय बाराही इँट्टा उद्योग परिवार**
दुवाकोट-१, चानपा, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा